जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

हार्दिक शुभकामना



देवशिल्पी भगवान विश्वकर्मा पुजनोत्सवको अवसरमा सम्पूर्ण श्रद्धालुहरूमा हार्दिक शुभकामना।

रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर | जनकपुर टुडे राष्ट्रिय दैनिक

परिवार: जनकपुरधाम

वर्ष २८ • अंक १२० • २०८३ साल आश्विन १ गते विहीबार (17 September, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## स्रोत नखुलेको १३ लाखसहित भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा स्रोत नखुलेको १३ लाख ६५ हजार रुपैयाँ नगदसहित एक भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार धनौजी गाउँपालिका-२ स्थित गौरदाहा-देउरीभित्री सडकखण्डबाट भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार भारत बिहारको मधुवनी जिल्ला, ग्राम खैनाका अन्दाजी ३५ वर्षीय राधाकान्त बयाग्रे पक्राउ परेका छन् ।

प्रहरीका अनुसार २०८३ साल भदौ ३१ गते दिउँसो करिब पौने चार बजे प्रहरी चौकी धनौजी (ख) बाट प्रहरी सहायक निरीक्षक राजकुमार मिश्रको कमान्डमा खटिएको गस्ती टोलीले भारततर्फबाट गौरदाहातर्फ आउँदै गरेको बीआर ३२ बीबी १८९९ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गरेको थियो ।

चेकजाँचका क्रममा बयाग्रेको साथबाट स्रोत नखुलेको नेपाली नगद १३ लाख ६५ हजार रुपैयाँ फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

प्रहरीका अनुसार उक्त रकम कपडाको पेटीभित्र लुकाईछिपाई कम्मरमा बाँधेर राखिएको अवस्थामा

बरामद गरिएको हो । ठूलो परिमाणमा नगद बोकेर सीमावर्ती क्षेत्रबाट आवतजावत गरिरहेको र गतिविधि शंकास्पद देखिएपछि मोटरसाइकल रोकेर खानतलासी गर्दा रकम फेला परेको प्रवक्ता खनालले बताए ।

बरामद रकमको स्रोत, रकम कहाँबाट प्राप्त भएको हो, कहाँ लैजान लागिएको थियो तथा उक्त रकमसँग अन्य व्यक्ति वा कारोबारको सम्बन्ध छ कि छैन भन्ने विषयमा प्रहरीले अनुसन्धान जारी रहेको जनाएको छ ।

धनुषा प्रहरीले बयाग्रेमाथि स्रोत नखुलेको रकम तथा वित्तीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ । घटनाका सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतका कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता खनालले जानकारी दिए ।

नेपाल-भारत खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा नेपाली तथा भारतीय नागरिकको नियमित आवतजावत हुने गरेको छ । व्यापार तथा अन्य व्यावसायिक प्रयोजनका लागि दुवै देशका नागरिक सीमावर्ती क्षेत्रमा लामो समयदेखि आवतजावत गर्दै आएका छन् ।

सीमावर्ती क्षेत्रमा व्यवसाय गर्ने केही नेपाली व्यवसायीले भारतमा व्यापारबाट आर्जन गरेको रकम नेपाल ल्याउँदा समेत स्रोत र कारोबारको वैधतासम्बन्धी प्रश्न उठ्ने गरेको व्यवसायीहरूको गुनासो छ । एक व्यवसायीका अनुसार खुला सीमाको फाइदा उठाउँदै हुण्डीलगायत अवैध वित्तीय कारोबारमा संलग्न समूहले समेत गोप्य रूपमा रकम ओसारपसार गर्ने गरेका छन् ।

तर अवैध रकमको ओसार पसार नियन्त्रण गर्ने क्रममा लामो समयदेखि सीमावर्ती क्षेत्रमा वैध व्यवसाय गर्दै आएका व्यवसायीसमेत अनावश्यक झमेलामा पर्ने गरेको व्यवसायीहरूको गुनासो छ । उनीहरूले वैध व्यापारिक कारोबार र अवैध वित्तीय कारोबारबीच स्पष्ट फरक छुट्याएर अनुसन्धान गर्नुपर्नेमा जोड दिएका छन् ।

यसैबीच, सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा नगद रकमको ओसारपसार हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै प्रहरीले चेकजाँच तथा गस्तीलाई निरन्तरता दिएको जनाएको छ ।

### सीआइबी र प्रहरीद्वारा मुखिया पक्राउ

## १ अर्ब ३४ करोडको हुण्डी कारोबारमा संलग्न रहेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । व्यक्तिगत तथा व्यावसायिक बैंक खातामार्फत १ अर्ब ३४ करोड ७८ लाख रुपैयाँभन्दा बढीको अवैध हुण्डी कारोबार गरेको आरोपमा धनुषाका एक युवक पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले मलेसियालगायत विभिन्न मुलुकबाट अवैध रूपमा हुण्डी कारोबार भइरहेको सूचनाका आधारमा गरेको अनुसन्धानका क्रममा धनुषाको शहीदनगर नगरपालिका-४ का २४ वर्षीय अजय कुमार मुखियालाई पक्राउ गरेको छ ।

सीआईबीका अनुसार मुखियालाई हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा धनुषा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर सीआईबी र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार मुखियालाई २०८३ साल भदौ ३० गते साँझ करिब ५:२० बजे शहीदनगर नगरपालिका-४ बाट नियन्त्रणमा लिइएको छ ।

सीआईबीमा विभिन्न समयमा प्राप्त गोप्य सूचनाका आधारमा मलेसियालगायत विभिन्न देशबाट नेपालमा भइरहेको अवैध हुण्डी कारोबारबारे सूक्ष्म अनुसन्धान थालिएको थियो । अनुसन्धानका क्रममा

शंकास्पद बैंकिङ कारोबार तथा वित्तीय गतिविधिको विश्लेषण गर्दा विभिन्न व्यक्तिका व्यक्तिगत तथा व्यावसायिक बैंक खातामार्फत ठूलो रकमको कारोबार भएको पाइएको प्रहरीको दाबी छ ।

प्रहरीका अनुसार हालसम्म गरिएको अनुसन्धानबाट १ अर्ब ३४ करोड ७८ लाख ३९ हजार १४४ रुपैयाँ बराबरको अवैध हुण्डी कारोबार भएको देखिएको छ । उक्त कारोबारमा मुखियाको संलग्नता देखिएको आधारमा उनलाई पक्राउ गरिएको सीआईबीले जनाएको छ ।

प्रहरीले घटनामा मुखियासहित अन्य व्यक्तिहरूको समेत संलग्नता हुन सक्ने जनाएको छ। बैंक खातामार्फत भएको कारोबार, रकमको स्रोत तथा गन्तव्य र त्यसमा संलग्न व्यक्तिहरूबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका मुखियामाथि 'हुण्डी सम्बन्धी कारोबार गर्न नहुने' कसूर अन्तर्गत थप अनुसन्धान भइरहेको छ। अनुसन्धान अघि बढ्दै जाँदा कारोबारमा संलग्न अन्य व्यक्ति तथा समूहको पहिचान हुन सक्ने प्रहरीको भनाइ छ।

सीआईबीले अवैध वित्तीय कारोबार तथा आपराधिक गतिविधिबारे सूचना उपलब्ध गराउने नागरिकप्रति आभार व्यक्त गर्दै यस्ता गतिविधिबारे प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ । नागरिकबाट प्राप्त सूचना अनुसन्धानका लागि महत्वपूर्ण आधार बन्ने उल्लेख गर्दै प्रहरीले सूचनादाता तथा सूचनाको उच्च गोपनीयता कायम राखिने प्रतिबद्धता जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शमशेर जबराका अनुसार हुण्डीमार्फत हुने कारोबार औपचारिक बैंकिङ तथा वैधानिक वित्तीय प्रणालीबाहिर हुने भएकाले यस्ता गतिविधिमाथि प्रहरीले निरन्तर निगरानी र अनुसन्धान गर्दै आएको छ ।

प्रहरीले अवैध हुण्डी कारोबारले औपचारिक वित्तीय प्रणालीबाहिर ठूलो रकमको कारोबार हुने अवस्था सिर्जना गर्ने भएकाले शंकास्पद वित्तीय गतिविधिमाथि निगरानी बढाइएको जनाएको छ । पक्राउ परेका व्यक्तिमाथिको अनुसन्धानबाट कारोबारको थप सञ्जाल, रकमको प्रवाह र संलग्न अन्य व्यक्तिबारे तथ्य खुल्ने अपेक्षा प्रहरीले गरेको छ ।

# भूकम्पपीडितलाई पाल वितरण

मुस्ताङ । लोमान्थाङ गाउँपालिका केन्द्रविन्दु भएर यही भदौ २३ गते गएको भूकम्पबाट प्रभावित विद्यालय तथा स्थानीय घरधुरीलाई अस्थायी बसोबास व्यवस्थापनका लागि पाल वितरण सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय र लोमान्थाङ गाउँपालिकाको समन्वयमा गण्डकी प्रदेश सरकारले प्रभावित विद्यालय तथा गाउँपालिकाका पाँचै वडामा प्राथमिकताका आधारमा सय थान पाल वितरण गर्न लागेको हो ।

गण्डकी प्रदेश सरकार वन तथा वातावरणमन्त्री नम्डु गुरुङको उपस्थितिमा आज लोमान्थाङ-२ स्थित दिव्यदीप माध्यमिक विद्यालयलाई चार थान पाल उपलब्ध गराइयो । उक्त प्रत्येक पाल दशदेखि पन्ध्र जनासम्मले अस्थायी आवासको रुपमा प्रयोग गर्न सक्ने छन् ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङ र पाँचै वडाका वडाध्यक्षको रोहबरमा वितरण गर्ने गरी ९६ थान पाल गाउँपालिकालाई हस्तान्तरण गरिएको छ ।

त्यसअवसरमा गाउँपालिकाका अध्यक्ष गुरुङले प्रभावित परिवारको आवश्यकता र प्राथमिकतामा राखेर बुधबारदेखि सबै वडामा वितरण गरिने बताउनुभयो ।

भूकम्पबाट उक्त पालिकामा रहेका एक सयभन्दा बढी कच्चीघरमा क्षति पुगेको छ भने दिव्यदीपसहितका विद्यालयका भौतिकपूर्वाधारका संरचना प्रयोग बस्न नमिल्ने भएको छ ।

भूकम्पबाट विद्यालयको संरचनामा क्षति भएपछि शिक्षक तथा विद्यार्थी कक्षा कोठा र पालमा बस्दैआएका छन् । रासस

# चिलिमेमा चार र अप्पर त्रिशूलीमा पाँच शव भेटिए

रसुवा । चिलिमे जलविद्युत् केन्द्रको सुरुङ उत्खनन्का क्रममा विद्युत् गृह क्षेत्रबाट आज तीन वटा सग्लो र एउटा मानव अंग फेला परेको छ ।

नेपाली सेनाको नेतृत्वमा खटिएको सशस्त्र प्रहरी बल र नेपाल विद्युत् प्राधिकरणको जनशक्तिसहित भारतीय सेना सम्मिलित खोज तथा उद्धार टोलीले केन्द्रको विद्युत् गृह क्षेत्रबाट शव फेला पारेको रसुवाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले जानकारी दिनुभयो ।

उहाँका अनुसार यही भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीले सो जलविद्युत् केन्द्रको हाताभित्र रहेका भवन तथा पर्खाल समेत बगाएको तथा सुरुङ बन्द भएको प्रतिकुल अवस्थामा नेपाली सेनाको नेतृत्वमा खटिएको उद्धार टोलीले ती शव फेला पारेको हो ।

बाढी गएको दिन उक्त जलविद्युत् केन्द्रको बिहानी

सिफ्टमा एक इन्जिनियर, दुई सुपरभाइजर, दुई चौकीदार र एक कार्यालय सहयोगीसमेत गरी छ कर्मचारी कार्यरत रहेको केन्द्रका वरिष्ठ सहायक कमलबहादुर खरेलले जानकारी दिनुभयो । नेपाली सेनाले सुरुङभित्र यथाशक्य छिटो प्रवेश गरी सो जलविद्युत् केन्द्रभित्र फसेका कर्मचारीको उद्धारको कामलाई सहयोग पुर्याउन सदरमुकाम धुन्चेमा एक हेलिकप्टर तयारी अवस्थामा राखेको प्रजिअ पाण्डेले बताउनुभयो । यसैगरी, खोज तथा उद्धारमा खटिएको सुरक्षाकर्मीको टोलीले अप्पर त्रिशूली जलविद्युत् आयोजना-१ को अडिट टनेलभित्रबाट आजै पाँच जनाको शव फेला पारेको छ ।

उत्तरगया-१ दलदुङ खोलाको ८०० मिटरभित्र सुरुङमा पहिचान खुल्न नसकेको अवस्थामा ती शव फेला परेको प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । रासस

# एमाले पुनर्गठन कार्यदलमा कुरा मिलेन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल फेरि अनिर्णयमा परेको छ ।

अनिर्णयकै बीच कार्यदल संयोजक तथा पार्टी उपाध्यक्ष रामबहादुर थापा (बादल) अध्यक्ष केपी शर्मा ओलीसंग भेटघाट गरेका छन् ।

शनिबार र आइतबार काभ्रेको बल्थलीमा सम्पन्न कार्यदलको आवासीय बैठकले पेश भएका फरक फरक प्रतिवेदनलाई एउटै बनाउन तीन सदस्यीय समिति बनाएको थियो ।

बुधबार अपराह्न च्यासलस्थित पार्टी कार्यालयमा कार्यदलका तीन नेताबीच दुई घण्टा छलफल भयो । उक्त कामका निम्ति कार्यदल संयोजक बादलसहित अर्का उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलले जिम्मेवारी

पाएका थिए । तर, च्यासलको छलफलमा दुई प्रतिवेदनलाई एउटै बनाउने विषयमा सहमति हुन नसकेपछि बादल अध्यक्ष ओलीलाई भेट्न च्यासल गएका छन् ।

एमाले कार्यालयस्रोतका अनुसार उपाध्यक्ष पौडेल र महासचिव पोखरेलले ओली पक्षबाट पेश भएको प्रतिवेदनमा 'पुनर्गठन' शब्द हटाउने, 'नेतृत्वले मार्गप्रशस्त गर्नुपर्ने' जस्ता विषय उल्लेख गर्न नचाहेपछि कुरा मिलेको छैन । बुधबार प्रतिवेदनलाई एउटै बनाएर भोलि बिहीबार कार्यदलको बैठक बस्ने तयारी थियो ।

तर, प्रतिवेदनलाई एउटै बनाउने विषयमध्ये मूल विषयमै कुरा नमिलेपछि कार्यदल संयोजक बादलले बिहीबारको बैठक बोलाउन चाहेनन् । स्रोतका अनुसार सोही विषयमा छलफल गर्न उनी गुण्डु पुगे थिए ।

# बाल न्याय प्रणालीलाई बालमैत्री बनाउन विधेयक संशोधनः महिलामन्त्री वादी

काठमाण्डु । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले अभिभावक नभएका, बेबारिसे अवस्थामा फेलापरेका तथा पालनपोषणको भरपर्दो व्यवस्था नभएका बालबालिकालाई कानुनी संरक्षणको दायरामा ल्याउने उद्देश्यले बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक ल्याइएको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले बालबालिकको गैरकानुनी ओसारपसार, शोषण तथा अन्य सम्भावित जोखिम न्यूनीकरणमा प्रस्तुत विधेयकले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

"बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनका क्रममा

देखिएका कानुन प्रक्रियागत तथा व्यवहारिक समस्यालाई समाधान गर्दै बाल न्याय प्रणालीलाई अझ सरल, सहज र बालमैत्री बनाउन, बाल संरक्षण प्रणालीलाई सुदृढ एवं संस्थागत गर्न विधेयक आवश्यक भएको हो", मन्त्री वादीले भन्नुभयो ।

उक्त प्रस्तावमाथिको सामान्य छलफलमा सांसदहरु राजिव खत्री, रमेशकुमार मल्ल, अशोककुमार चौधरी, युवराज दुलाल, गङ्गालक्ष्मी अवाल, समीक्षा बास्कोटा, पार्वती विक, इन्दिरा रानामगर, बालावती शर्मा, माधवबहादुर थापा, कृष्णहरि बुढाथोकी, तारा विश्वकर्मा, वसुमाया तामाङ, सिर्जना श्रेष्ठ, भूमिका श्रेष्ठ, रञ्जु न्यौपाने, वदनकुमार भण्डारी, मोहनलाल आचार्य, पुष्पाकुमारी चौधरी, गणेशबहादुर विश्वकर्मा, गङ्गा छन्त्याल, एलिजा गुरुङ, पुकार बम, अमृतादेवी सङ्गौला, प्रमिला कुलुजु, जनकसिंह धाँमी, शोभा खनाल, कुलभक्त शाक्य, गङ्गादेवी श्रेष्ठ, यज्ञमणि न्यौपाने, गजाला शमीम मिकरानी, श्रद्धा कुँवर, टुकाभद्रा हमाल, ज्ञानु पौडेल, नीनुकुमारी कर्ण, सुष्मा स्वर्णकार, मञ्जु भुसाल, हरिमोहन भण्डारी, गुरुप्रसाद बराल, गणेश कार्की, एशुदाकुमारी बराल, विश्वराज पोखरेल, मनिष खनाल, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल र खिमा विकले भाग लिँदै आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

बैठकले महिलामन्त्री वादीले राख्नुभएको 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

सभामुख डोलप्रसाद अर्यालले सो विधेयकमाथि संशोधनको चाहने सांसदले सङ्घीय संसद् सचिवलायमा सूचना दिन सक्ने जानकारी गराउनुभयो । प्रतिनिधिसभाको अर्को बैठक आगामी असोज १ गते अपराह्न १:०० बजे बस्नेछ । रासस

# 'डिजिटल पार्लियामेन्ट प्लेटफर्म' को परीक्षण शुरु

काठमाण्डु । संघीय संसद् सचिवालयले 'डिजिटल पार्लियामेन्ट प्लेटफर्म'को परीक्षण सुरु गरेको छ। सभामुख डोलप्रसाद अर्याल र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले संयुक्तरूपमा सो 'प्लेटफर्म' सुभारम्भ गर्नुभयो ।

सो अवसरमा सभामुख अर्यालले डिजिटल प्रणाली कुनै विलासिता नभई वर्तमान युगको आवश्यकता भएको बताउनुभयो । सङ्घीय संसद्का गतिविधि, विधेयकको अवस्था, सांसदको विवरण, बैठक तथा समितिका सूचना र नेपालको संसदीय इतिहाससँग सम्बन्धित अभिलेखलाई एउटै डिजिटल प्लेटफर्ममा समेटिने प्रयास गरिएको उहाँले बताउनुभयो ।

संसदीय अभिलेख दीर्घकालीन रूपमा सुरक्षित राख्दै नागरिकलाई सहज र एकीकृत रूपमा उपलब्ध गराउने उद्देश्यले शुरु गरिएको डिजिटल प्रणालीलाई आगामी अधिवेशन सुरु हुनुअघि थप परिस्कृत गरिने सभामुखले बताउनुभयो ।

डिजिटल पार्लियामेन्ट हाल परीक्षणको चरणमा रहेकाले प्रयोगका क्रममा देखिएका कमी-कमजोरीबारे सुझाव दिन उहाँले आग्रह गर्नुभयो । प्राप्त सुझावका आधारमा प्रणालीलाई थप सरल, सहज, प्रयोगकर्ता-मैत्री र प्रभावकारी बनाउँदै लैजाने उहाँले बताउनुभयो । "नयाँ प्रविधि सिक्न इच्छाशक्ति र अभ्यास आवश्यक हुन्छ । आजको सहभागिता नै यसको महत्वपूर्ण सुरुआत हो", उहाँले भन्नुभयो ।

राष्ट्रियसभाका अध्यक्ष दाहालले लोकतन्त्रको बलियो

आधार संसद् रहेकाले सूचना प्रविधिको विकाससँगै परिस्कृत संसद् बनाउनुपर्नेमा जोड दिनुभयो छ । गुणस्तरीय र प्रभावकारी रूपमा 'प्लेटफर्म' सञ्चालन गर्न दक्ष जनशक्तिको जरुरी हुने र त्यसका लागि आवश्यक आइटीसम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिने बताउनुभयो ।

सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले सरकार र नागरिकसँग प्रत्यक्ष जोडिन डिजिटल प्लेटफर्म सहज माध्यम हुने बताउनुभयो ।

प्लेटफर्ममा सांसदको हाजिरीदेखि विधेयक सुझावसम्म

सङ्घीय संसद् सचिवालयले सुरु गरेको सांसदको हाजिरीदेखि विधेयक सुझाव सङ्कलनसम्मका विषय समावेश गरिने भएको छ । प्लेटर्फममा सङ्घीय संसद्का प्रशासनिक, व्यवस्थापकीय तथा विधायिकी कार्यलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै संसद्का सूचना, अभिलेख तथा गतिविधिलाई व्यवस्थित, सुरक्षित र सहज पहुँचयोग्य बनाउने विभिन्न १२ विषय समेटिएका छन् । सांसद एवं सदस्यहरूको विविध विवरणहरूको एकीकृत अभिलेखको सङ्ग्रह तयार हुने, सांसदको प्रोफाइल, राजनीतिक दल, निर्वाचन क्षेत्र, प्रदेश तथा सदनअनुसार सदस्यको विवरण व्यवस्थापन, बायोमेट्रिक तथा पहिचानसम्बन्धी विवरणको सुरक्षित व्यवस्थापन गरिने सचिवलायका महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

उहाँका अनुसार सदन तथा समितिका बैठकको मिति, समय, स्थान र कार्यसूची व्यवस्थापन गर्ने, बैठकसम्बन्धी सूचना, कागजात तथा कार्यविवरणको डिजिटल वितरण तयार गर्ने, बैठकको अवस्थाजस्तै निर्धारित, सञ्चालनमा रहेको, स्थगित वा सम्पन्न, अद्यावधिक गर्नेसमेत कार्यको विवरण 'डिजिटल प्लेटर्फम' मा राखिनेछ ।

सरकारी तथा गैरसरकारी विधेयकको डिजिटल दर्ता र विशिष्टीकृत पहिचान नम्बर सिर्जना हुनेदेखि विधेयक पेस गरेदेखि पारित वा अन्य अवस्थाको प्रगति अनुगमन गर्न सकिने पनि उहाँले बताउनुभयो । रासस

# कृष्णभिरमा बिहीबार बिहानदेखि दुईतर्फी सडक सञ्चालन हुने

चितवन । कृष्णभिरमा नयाँ 'ट्यार्क' खोलेर बिहीबार बिहानदेखि दुईतर्फी यातायात सेवा सञ्चालन गरिने भएको छ ।

त्रिशूली बाढीबाट सडकको तल्लो भाग बगाएपछि त्यस ठाउँमा उक्त राजमार्ग यही भदौ १४ गते यातायात सेवा सञ्चालन गर्न नमिल्ने गरी भासिएको थियो । सडक भासिएपछि पूर्णरुपमा अवरुद्ध बनेको सो राजमार्ग यही भदौ १८ गतेदेखि नजिकै रहेको ढिस्कोलाई काटेर नयाँ ट्यार्क खोलिएको हो ।

नागढुङ्गा-मुग्लिन सडक योजना (पश्चिम खण्ड)का इन्जिनियर धीरज ढकालका अनुसार आज साँझसम्ममा सबै काम सकिने छ । आजै ग्राबेल र नालीको काम भइरहेको छ । उहाँले भन्नुभयो, "साँझसम्ममा हामी सबै काम सक्छौं", "स्थानीय बेनिघाट रोराङ गाउँपालिकाले सडकमा 'फ्लडलाइट' जडान गर्दैछ । यससँगै रातिमा सवारी सञ्चालन गर्न सहज हुनेछ ।"

पूर्वाधार विकास मन्त्रालयले जारी गरेको सूचनामा बिहीबार बिहान ६:०० बजेदेखि पूर्णरुपमा यातायात सञ्चालन गरिने जनाइएको छ । नदी कटानबाट करिब १०० मिटर सडक क्षतिग्रस्त भई यातायात अवरुद्ध भएकोमा मन्त्रालयले आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधनको अधिकतम परिचालन गरी नयाँ ट्यार्क निर्माण तथा सडक पुनःस्थापनाको कामलाई अन्तिम चरणमा पुऱ्याएको सूचनामा जनाइएको छ ।

धादिङ जिल्लाका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेयले साँझसम्ममा काम सम्पन्न भएमा रोकिएका गाडी आजै पार गराउने बताउनुभयो । उहाँले भन्नुभयो, "साँझसम्मको प्रगतिको समीक्षा गरी रोकिएका सवारी पार गराउँछौं ।" बिहीबार बिहानदेखि दुईतर्फीनै सवारी सञ्चालन हुने उहाँले बताउनुभयो ।रासस

# होचा तथा गहिरा कजवेका कारण सवारीसाधन सञ्चालनमा समस्या

धनकुटा । धनकुटा-हिले सडकखण्डमा होचा तथा गहिरा कजवेका कारण सवारीसाधन सञ्चालनमा समस्या हुँदै गएको छ ।

होचा तथा बढी भार बोकेका सवारीसाधन कजवे पार गर्दा तल्लो भाग ठोक्किने र आवतजावतमा कठिनाइ हुने गरेको हो ।

सडक आसपासको पानी तथा नालीबाट आउने भेल कटाउन पुल वा कल्भर्टको विकल्पका रुपमा विभिन्न स्थानमा कजवे निर्माण गरिएका थिए । तर, कजवे गहिरो हुँदा समस्या देखिएपछि सडक डिभिजन कार्यालय धनकुटाले सुधारको काम अघि बढाएको हो ।

यस वर्ष धनकुटा र हिलेबीचका सात वटा कजवे सुधार सुरु गरिएको छ । भेडेटारदेखि हिलेसम्मको करिब ४७ किलोमिटर सडक मर्मत तथा कजवे सुधार सुरुको चरणमा पुगेको छ । निर्माणका लागि रु चार करोड २९ लाख ५९ हजारमा सम्झौता भएको छ ।

यसअघि गहिरा रहेका कजवे अब दुई दशमलव शून्य पाँच प्रतिशत मात्र ऋस स्लोप हुने गरी सुधार गरिने सडक डिभिजन कार्यालयका इन्जिनियर अजयकुमार शाहले जानकारी दिनुभयो ।

यस वर्ष हिलेसम्मका कजवे सुधार गर्ने र आगामी वर्षमा हिलेभन्दा माथिका कजवे पनि क्रमशः सुधार गर्दै जाने योजना छ। हिले-धनकुटा १३ किलोमिटर सडकखण्डमा मात्रै १० वटा कजवे रहेका छन् । धनकुटादेखि सर्‍ुवासभाको टुटेसम्मको करिब ६० किलोमिटर सडकमा दुई दर्जनको हाराहारीमा कजवे छन् ।

कजवेका कारण स्थानीय सवारीसाधनसँगै लामो दूरीका, होचा तथा बढी भार बोकेका सवारीसाधनलाई बढी समस्या हुने गरेको सवारी चालक देवीप्रसाद दाहाल बताउनुहुन्छ । कजवे सुधार भएपछि कोशी राजमार्गमा सवार ीसाधनको आवतजावत सहज हुने र यात्रु तथा चालकले भोग्दै आएको समस्या केही हदसम्म समाधान हुने चालक दाहालले बताउनुभयो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : जीवनसाथीको स्वास्थयमा देखिएको समस्याले केही चिन्ता बढाउन सक्छ।
वृष : पुराना ऋण, रोत तथा विभिन्न झन्झटहरुबाट मुक्ति पाउने समय छ।
मिथुन : बौद्धिक क्षेत्र, सिर्जनात्मक कार्यमा प्रगतिको लहर छाउनेछ।
कर्कट : घरपरिवारमा सुख, शान्ति र प्रफुल्लित वातावरण कायम रहनेछ।
सिंह : छोटो तथा लाभदायक यात्राको योग रहेको छ। जसले मन प्रसन्न रहनेछ।
कन्या : जटिल कामहरु पनि सहजै बन्ने छन्।
तुला : मनमा उत्साह र स्फुर्ति छाउनेछ।
वृश्चिक : समाजमा तपाईको मानप्रतिष्ठा बढ्नुका साथै नेतृत्व गर्ने अवसर प्राप्त हुनेछ।
धनु : गुप्त शत्रुहरुबाट सतर्क रहदै आफ्नो जिम्मेवारीमा मात्र पूर्ण ध्यान दिनुहोस्।
मकर : आयस्रोतका नयाँ बाटोहरु खुल्नेछन् भने रोकिएका धन रकम सहजै उठ्नेछ।
कुम्भ: कार्यक्षेत्रमा तपाईको जिम्मेवारी र कर्तव्यनिष्ठताको उच्च कदर हुनेछ।
मीन: विद्यार्थीहरुको उच्च शिक्षा अध्ययन गर्ने मार्ग प्रशस्त हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सम्पति विवरण बुझ्काउन सांसदहरुलाई रास्वपाको ताकेता

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ को सम्पत्ति विवरण बुझ्काउन बाँकी रहेका आफ्ना सांसदहरूको नामावली ताकेतासहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलले सार्वजनिक गरेको छ।

पार्टीले पटकपटक सूचना प्रवाह, फलोअप तथा संसद् सचिवालयबाट एसएमएसमार्फत समेत ताकेता गर्दा पनि २४ जना सांसदले अझै सम्पत्ति विवरण नबुझ्काएको भनिएको छ।

रास्वपाले भदौ २९ गतेसम्मको विवरणका आधारमा सम्पत्ति विवरण बुझ्काउन बाँकी सांसदहरूको नाम सार्वजनिक गरेको हो। सार्वजनिक सूचीमा मोरङदेखि उदयपुरसम्मका विभिन्न निर्वाचन क्षेत्रका सांसदहरू रहेका छन्।

सम्पत्ति विवरण नबुझ्काउने सांसदहरूमा आशा झा, कन्हैया बनिया, कामिनी कुमारी, कुसुम महर्जन, कृष्णकुमार कार्की, गीता चौधरी, तपेश्वर यादव, पूनमकुमारी अग्रवाल, प्रभा ढकाल, प्रशान्त उप्रेती, मधुकुमार चौलागाईं, यज्ञमणि न्यौपाने, रबिन महतो, राजुनाथ पाण्डे, रामाकान्त प्रसाद चौरसिया, रुबिना आचार्य, लालविक्रम थापा, डा. लेखजंग थापा, शम्भुकुमार यादव, श्रीराम न्यौपाने, सन्तोष राजवंशी, सागर ढकाल, सुशान्त वैदिक र सूर्यबहादुर तामाङ रहेका छन्।

रास्वपाका अनुसार पार्टीको आन्तरिक ताकेताका साथै संसद् सचिवालयबाट समेत निरन्तर जानकारी गराउँदा पनि ती सांसदबाट विवरण प्राप्त नभएको हो।

पार्टीले सार्वजनिक गरेको सूचीअनुसार मोरङका आशा झा निर्वाचन क्षेत्र नम्बर ५, कन्हैया बनिया रुपन्देही-४, कामिनी कुमारी महोत्तरी, कुसुम महर्जन काठमाडौं, कृष्णकुमार कार्की मोरङ, गीता चौधरी कञ्चनपुर, तपेश्वर यादव सिरहा-४, पूनमकुमारी अग्रवाल सिरहा, प्रभा ढकाल बारा, प्रशान्त उप्रेती मकवानपुर, मधुकुमार चौलागाईं काभ्रेपलाञ्चोक-१ र यज्ञमणि न्यौपाने मोरङ-१ का सांसद हुन्।

त्यस्तै, रबिन महतो सर्लाही-२, राजुनाथ पाण्डे काठमाडौं, रामाकान्त प्रसाद चौरसिया पर्सा-३, रुबिना आचार्य मोरङ, लालविक्रम थापा सुनसरी, डा. लेखजंग थापा रुपन्देही, शम्भुकुमार यादव सिरहा, श्रीराम न्यौपाने तनहुँ-२, सन्तोष राजवंशी मोरङ-४, सागर ढकाल गुल्मी-१, सुशान्त वैदिक प्यूठान-१ र सूर्यबहादुर तामाङ उदयपुर-२ का सांसद रहेको सूचीमा उल्लेख छ।

रास्वपाले भने सम्पत्ति विवरण बुझ्काउन बाँकी सांसदहरूको संख्या सूची तयार गर्ने क्रममा एक-दुई जना थपघट हुन सक्ने जनाएको छ।

# सडकमै बच्चा जन्माउनु परेको घटनामा दोषीलाई कारवाहीको सिफारिस

**टुडे समाचारदाता**

राजविराज। पैसा आभावमा एक महिलालाई अस्पताल परिसरबाहिरै शिशु जन्माउनुपरेको गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल राजविराजको घटनाबारे गठित अनुगमन समितिले आफ्नो प्रतिवेदन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई बुझाएको छ।

घटनाको सत्यतथ्य छानबिनका लागि नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार डा. सुप्रभात श्रेष्ठको संयोजकत्वमा गठित टोलीले अस्पतालको स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार पारेको हो।

अनुगमन टोलीले २०८३ भदौ २५ देखि २७ गतेसम्म अस्पतालको स्थलगत निरीक्षण गरेको थियो। टोलीले घटनासँग सम्बन्धित तथ्य तथा प्रमाण संकलन गर्नुका साथै अस्पतालमा सेवा प्रवाहको अवस्था, स्वास्थ्यकर्मीको भूमिका र अस्पताल प्रशासनको जिम्मेवारीबारे अध्ययन गरेको थियो।

प्रतिवेदन प्राप्त भएपछि त्यसमा उल्लेख भएका तत्काल गर्नुपर्ने प्रशासनिक काम अघि बढाउने मन्त्रालयले जनाएको छ। चिकित्सक, नर्स तथा प्रशासनिक कर्मचारीबाट आचारसंहिता उल्लंघन भएको देखिएका विषयमा आवश्यक कारबाहीका लागि सम्बन्धित काउन्सिलमा पठाइएको मन्त्रालयको भनाइ छ।

अनुगमन समितिले अस्पतालमा कर्मचारी नियुक्ति तथा व्यवस्थापन अव्यवस्थित रहेको विषयसमेत औंल्याएको छ। अस्पतालमा कार्यरत तथा समितिबाट नियुक्त भएका कर्मचारीको उचित व्यवस्थापन आवश्यक रहेको मन्त्रालयले जनाएको छ।

अस्पतालको जनशक्ति व्यवस्थापन सुधारका लागि ८० जना अस्थायी दरबन्दी थप गर्ने प्रस्तावमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त भइसकेको र अब उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिने भएको छ।

त्यसैगरी, छात्रवृत्तिमा अध्ययन पूरा गरी आएका सात जना चिकित्सकलाई दुई वर्षका लागि गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा पठाइएको मन्त्रालयले जनाएको छ । चिकित्सक तथा कर्मचारीको नियुक्ति र व्यवस्थापनलाई व्यवस्थित बनाउन मन्त्रालयले आवश्यक परिपत्रसमेत गरिसकेको छ।

मन्त्रालयले अस्पतालमा सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र प्रशासनिक प्रणालीलाई थप व्यवस्थित गर्दै यस्ता घटना आगामी दिनमा दोहोरिन नदिने जनाएको छ।

सो टोलीमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका विज्ञ डा. पवनजंग रायमाझीसहित नेपाल मेडिकल काउन्सिलका विज्ञ तथा सदस्यहरू डा. विजय कापरी, डा. अजयकुमार शाह, डा. सारिका गोइत र डा. रविन बस्नेत सहभागी थिए।

## नेपाल र बंगलादेशबीच तीन टी-२० सिरिजको घोषणा




**टुडे समाचारदाता**

काठमाण्डू। नेपाल र बंगलादेशबीच आगामी सन् २०२७ मार्च महिनामा तीन खेलको ऐतिहासिक अन्तर्राष्ट्रिय टी-२० सिरिज आयोजना हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान) र बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)को संयुक्त पहलमा यो सिरिज हुन लागेको क्याच सचिव पारस खड्काले बताएका छन्।

खड्काद्वारा जारी विज्ञप्तिअनुसार २६ मार्च २०२७ मा पहिलो म्याच हुनेछ। २८ मार्चमा दोस्रो र ३० मार्चमा तेस्रो म्याच हुने विज्ञप्तिमा उल्लेख छ। नेपालले बंगलादेशसँग पहिलोपटक सिरिज खेल्न लागेको हो।

उक्त सिरिज हालै नेपालमा आएको विनाशकारी बाढी विपद्मा ज्यान गुमाउनेहरूको स्मृतिमा समर्पित गरिने भएको छ। यो संयुक्त पहल केवल खेलमा मात्र सीमित नभई नेपाली क्रिकेटको समग्र विकासमा दीर्घकालीन सहकार्यका रूपमा अघि बढाइने विज्ञप्तिमा उल्लेख छ।

सहकार्यअन्तर्गत बंगलादेश क्रिकेट बोर्डले नेपालको महिला क्रिकेट तथा उमेर समूहको क्रिकेट विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरूमा सहयोग गर्नेछ।

# १५ महिनामा बन्नुपर्ने बसपार्क चार वर्षमा पनि बनेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम। १५ महिनामा सकिनुपर्ने मधेस प्रदेशको राजधानी जनकपुरधामस्थित बसपार्कको निर्माण कार्य चार वर्ष बितिसक्दा सम्पन्न हुन सकेको छैन।

व्यवस्थित बसपार्कको अभावका कारण सवारी साधन मात्र होइन आम नागरिकलाई समेत आवत जावत गर्न समस्या भइरहेको छ । निर्माण कार्य सम्पन्न हुन नसक्दा अहिले बसपार्क क्षेत्र निकै दुर्गन्धित बनेको छ। बसपार्क भित्र रहेका सडकमा खाल्डाखुल्डीका कारण गाडी गुड्दा हिलाम्य भएको छ।

जनकपुरधाम उपमहानगरपालिका-२३ मा रहेको यो बसपार्कलाई अत्याधुनिक सुविधायुक्त नमूना बसपार्क बनाउने उद्देश्यले २०७९ असारमा बडो तामझामका साथ तत्कालीन शहरी विकासमन्त्री मेटमणि चौधरीले शिलान्यास गरेका थिए।

संघ सरकार अन्तर्गत रहेको संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरले खुलाएको बोलपत्रमार्फत श्री नागार्जुन/हेम/सावित्री जेभी जनकपुरधाम-४ ले २०७९ असार ८ गते ठेक्का लिएको थियो । कुल १० करोड २८ लाख ६६ हजार ४३९ रुपैयाँको लागतमा निर्माणाधीन यो बसपार्क १५ महिना अर्थात् २०८० असार ५ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो। तर निर्माण सुरु भएको ४ वर्षमा पनि अलपत्र अवस्थामै छ।

बसपार्कलाई दुई चरणमा निर्माण गर्ने तालिका अन्तर्गत पहिलो चरणमा सार्वजनिक शौचालय, टिकट काउन्टर तथा चमेनागृह, तीन वटा वेटिङ सेट, एक सय २५ वटा बस स्थायी पार्किङ यार्ड बनाउने भनिएको थियो।

त्यस्तै २५ वटा कार तथा ५० मोटरसाइकलको अस्थायी पार्किङ, एक दशमलव ५० मिटर चौडाइ र दुई हजार दुई सय मिटर लामो फुटपाथ निर्माणसँगै डाइरिङ सिस्टमको दुई फिट व्यास, आठ सय ६० मिटर ह्युम पाइप राख्ने योजना छ। ८ हजार ८१६ दशमलव ०५ वर्गमिटरको आरसीसी पार्किङ यार्ड तथा आगमन-प्रस्थानका लागि ८ हजार ७४९ दशमलव १६ वर्गमिटरको सडक निर्माण र बसपार्कभित्र १६० वटा वृक्षरोपण लगायतका संरचना बनाउने सम्झौतामा उल्लेख छ।

संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरधामका प्रमुख विनोद सिंहले तोकिएका काममध्ये कतिपय काम सम्पन्न भए पनि बसपार्कभित्रको सडक नबनेका कारण त्यस्तो देखिएको बताए। उनले भने, 'सरकारले नै अन्तिम पटक म्याद थपेको छ । अब पुसभित्र ठेकदारले काम सम्पन्न सम्पन्न गर्नुपर्छ। यदि काम सम्पन्न गरेन भने ठेक्का तोडेर कारबाहीको प्रक्रिया अगाडि बढाउँछौं।'

बिटुमिन लगायत निर्माण सामग्रीको भाउ बढेका कारण पनि केही समस्या सिर्जना भएको उनको भनाई छ। बसपार्कको दोस्रो चरणमा पसल, रेस्टुरेन्ट, कार्यालय, आगन्तुक आवाससहितको बहुउद्देशीय चारतले भवन तथा ग्यारेज निर्माण गरिने योजना रहेको छ।

यात्रुहरु प्रवेश गर्न मान्दैनन्

बसपार्क हिलामय भएको कारण यात्री प्रवेश गर्ने चाहँदैनन्। त्यसैले बसहरु पनि बसपार्कमा न राखि सडकमै व्यवस्थित तरिकाले पार्किंग गरेर राखेका हुन्छन्। त्यसले गर्दा आम नागरिकलाई आवत जावत देखि बसपार्कभित्र बस लग्न बाहिर निस्किन निकै समस्या भइरहेको बताइएको छ।

अहिले बसपार्क प्रवेश गर्ने मुख्यद्वारमा लाखौं खर्चिएर भव्य प्रवेशद्वार निर्माण गरिदैछ। तर भित्र प्रवेश गर्नासाथै सडकभरि हिलो अनि जमेको पानी र त्यसमा होटलहरुद्वारा फालिएको सडेगलेका फोहरमात्रै देखिन्छ। त्यसका बाबजुद बसहरू अव्यवस्थित तवरले पार्किङ गरेर राखेको देखिन्छ । निर्माणाधीन अवस्थामा रहेको बसपार्क निर्माण सम्पन्न नहुँदै जीर्ण बन्न पुगेको छ।

बसपार्कभित्र निर्माण भएका भौतिक पूर्वाधार पनि खण्डहरको अवस्थामा परिणत हुँदै गएको छ। बसपार्कभित्र जहाँतहाँ ठुलाठुला घाँस उम्रिए झाडीजस्तै बनेको छ । व्यवस्थित शौचालय नहुँदा कतिपय सर्वसाधारण सोही झाडीमा शौच गर्न बाध्य छन्। यातायातकर्मी पनि बसपार्कको अवस्था देखेर दिक्क मान्ने गर्छन् । छाडा चौपायाको आश्रयस्थलका रूपमा समेत बसपार्क सीमित हुँदै आएको छ।

बसपार्क हिलामय र दुर्गन्धित भएका कारण यात्रुहरु बसपार्कभित्र नगई भमरपुरा चोक, रामानन्द चोक, पिडारी चोकबाट बस चढ्ने गरेका छन्।

'भरतपुर, वीरगंज, विराटनगर लगायतका बसपार्कहरू भन्दा यो बसपार्कको क्षेत्रफल निकै ठुलो भए पनि व्यवस्थापनमा न बस व्यवसायी संघको ध्यान गएको छ बस सञ्चालकहरुकै भनाई छ। यो बसपार्क २ वर्ष अघि नै निर्माण सम्पन्न हुनुपर्ने हो तर ४ वर्ष बितिसक्दा पनि पहिलाको भन्दा पनि विजोग अवस्थामा पुगेको उनीहरुको भनाई छ।

# धनुषाका चार वडाध्यक्षको पद गुम्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचित जितेका दल परित्या गर्ने धनुषाका धनुषाका ४ वटा वडाध्यक्षसहित देशभरिका १० जनप्रतिनीधिको पद गुमेको छ।

निर्वाचन आयोगले विभिन्न स्थानीय तहबाट निर्वाचित १० जना जनप्रतिनिधिको दल परित्यागको कारण पद रिक्त भएको जनाएको छ। सम्बन्धित राजनीतिक दलले उनीहरूले दल त्याग गरी अन्य दलमा प्रवेश गरेको जानकारी गराएपछि प्रचलित कानुनअनुसार आयोगले निर्वाचित पद रिक्त भएको घोषणा गरेको हो।

पद रिक्त हुनेमा धनुषाका चार, खोटाङका दुई, डोल्पाका दुई तथा कैलाली र मोरङका एक-एक जना जनप्रतिनिधि छन्। अधिकांश वडा अध्यक्ष छन् भने केही गाउँपालिका उपाध्यक्षको पदसमेत रिक्त भएको छ।

धनुषामा शहीदनगर नगरपालिका-८ का वडा अध्यक्ष तनुकलाल कुसियैत, विदेह नगरपालिका-६ का वडा अध्यक्ष जयराम मण्डल, कमला नगरपालिका-५ का वडा अध्यक्ष शिवा पासवान र मिथिला नगरपालिका-२ का वडा अध्यक्ष बिहारी महतो कोइरीको पद रिक्त भएको आयोगको सूचनामा भनिएको छ।

त्यस्तै, खोटाङको केपिलासगढी गाउँपालिका-३ का वडा अध्यक्ष तुलाराम राई र बराहपोखरी गाउँपालिकाकी उपाध्यक्ष भुबलराज राई, कैलालीको बर्दगोरिया गाउँपालिकाकी उपाध्यक्ष गणेशराज गिरी, डोल्पाको जिरी नगरपालिका-६ का वडा अध्यक्ष मरिचबहादुर खड्का र जिरी नगरपालिका-३ का वडा अध्यक्ष खेतराज घिमिरे तथा मोरङको धनपालथान गाउँपालिका-५ का वडा अध्यक्ष गयानन्द सरदारको पद पनि रिक्त भएको जनाइएको छ।

आयोगका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (१) तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ मा दल त्यागसम्बन्धी व्यवस्था छ । सोही कानुनी व्यवस्थाअनुसार सम्बन्धित दलबाट दल त्याग गरेको सूचना प्राप्त भएपछि आयोगले पद रिक्त भएको जानकारी सूचना सार्वजनिक गरेको हो।

# विपद् व्यवस्थापनको अधिकार प्रदेश तथा स्थानीय तहमा दिनुपर्ने : राउत

**टुडे समाचारदाता**

काठमाण्डू। जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले विपद् व्यवस्थापनमा केन्द्र सरकारको हस्तक्षेप घटाएर स्थानीय तह र प्रदेश सरकारलाई अधिकार दिनुपर्ने माग गरेका छन्।

बुधबार सर्वदलीय बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै राउतले हरेक विपद् तथा स्थानीय घटनामा केन्द्र सरकार नै सक्रिय हुनुपर्ने अहिलेको अभ्यासले राज्य संयन्त्रलाई अनावश्यक रूपमा केन्द्रित राखेकाले केन्द्रमाथिको भार कम गर्न प्रदेश तथा स्थानीय तहमा अधिकार दिनुपर्ने भने।

रसुवा बाढीका क्रममा उद्धार, राहत तथा तत्काल प्रतिक्रिया जनाउने प्रणालीमा देखिएका कमजोरीलाई आगामी दिनका लागि सुधारको अवसरका रूपमा लिनुपर्ने उनले बताए। स्थानीय तहले आफ्नै क्षेत्रमा राहत, उद्धार तथा स्वयंसेवक परिचालन गर्न सक्ने गरी अधिकार दिनुपर्ने उनले भने।

प्रदेश सरकारलाई पनि पुनर्निर्माणलगायतका काममा थप जिम्मेवारी दिनुपर्ने उनले उल्लेख गरे। केन्द्रबाट साना-साना विषयमा समेत पत्राचार गरेर स्थानीय तहका गतिविधि रोक्ने प्रवृत्ति अन्त्य हुनुपर्ने धारणा उनले राखे।

अध्यक्ष राउतले भने, 'रसुवा बाढीलगायत पछिल्ला विपद्का घटनाका सन्दर्भमा समयमै पूर्वसूचना, उद्धार, राहत तथा पुनर्निर्माण प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिएको छ।' उनले थपे, 'यस्ता वातावरणीय विपद् भविष्यमा पनि दोहोरिन सक्ने भएकाले आवश्यक कानुनी सुधार र संस्थागत सहजीकरणका लागि संसदीय समिति गठन गर्न सम्माननीय सभामुखज्यूसमक्ष अनुरोध गर्ने विषयमा छलफल भएको छ।'

रसुवा बाढीको अनुभवले पूर्वसूचना र तत्काल प्रतिकार्यका क्षेत्रमा प्रणालीका कमजोरीहरू उजागर गरेको उनले बताए । उनले भने, 'हरेक विपद्का लागि सिंहदरबारबाट मात्र निर्णय र परिचालन गर्नुपर्ने व्यवस्था प्रभावकारी हुँदैन। त्यसैले संविधानले दिएको अधिकारअनुसार स्थानीय तह र प्रदेश सरकारलाई विपद् व्यवस्थापन, राहत, उद्धार तथा पुनर्निर्माणमा थप अधिकार र जिम्मेवारी दिन आवश्यक छ।'

सिंहदरबारको मुख्य जिम्मेवारी स्थानीय स्तरमा हुने राहत वितरणभन्दा अन्तर्राष्ट्रिय स्रोत तथा प्रविधि परिचालन, पूर्वसूचना प्रणालीको विकास र जलवायु वित्त जुटाउनमा केन्द्रित हुनुपर्ने स्पष्ट पारे पार्दै उनले भने, 'संघीय सरकारको मुख्य भूमिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय, पूर्वसूचना प्रणालीको विकास, स्रोत परिचालन, जलवायु कोषबाट सहयोग जुटाउने, अन्तर्राष्ट्रिय सहकार्य र आवश्यक प्राविधिक तथा मानवीय सहयोग प्राप्त गर्न केन्द्रित हुनुपर्छ।'

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकारी उपेक्षामा मूर्तिकार

नेपालमा हिन्दू धर्मावलम्बीहरुको संख्या सर्वाधिक रहेकोले मूर्ति पूजाप्रतिको आस्था पनि बढी नै छ । देशमा विभिन्न धार्मिक कार्यहरुमा मूर्ति पूजा गरिन्छ । अहिले मूर्तिकारहरु विभिन्न देवदेवीहरुको मूर्ति निर्माणमा व्यस्त छन् । शिल्पीदेव विश्वकर्माको मूर्ति, दशैंमा माता भवानीको मूर्ति, शुभ दीपावलीमा भगवान गणेश लक्ष्मीको मूर्तिलगायत अनेक देवदेवीहरुको मूर्ति बनाइन्छ । यस अघि कृष्णाष्टमीको मूर्ति, इन्द्र भगवानको मूर्तिलगायत बनाइएको थियो । हुन त मूर्ति कुनै एउटै जात अथवा समुदायले बनाउने मात्र पेशा होइन । कुनै पनि कलाकारले मूर्ति बनाउन सक्छन् । तराई मधेशमा कुम्हाल जातिका शिल्पीहरुले मूर्ति बनाउने गर्छन् । मूर्ति बनाउनेमा उनीहरुलाई महारथ हासिल छ । पुख्यौंली पेशा रहेको कुम्हाल जातिले भने प्रतिकूल परिस्थितिको कारण कयौं कार्यहरु गर्न छाडिसकेका छन् । कतिपय कार्य समयानुकूल परिवर्तन हुन नसकेपछि लोप हुन लागेको छ । मूर्तिकारको रुपमा विशेष पहिचान बनाएको कुम्हाल जातिमा अहिले मूर्ति बनाउने कार्यप्रति उत्साह देखिदैन । मूर्तिको अतिरिक्त कुम्हाल जातीले माटोको अनेक सामग्रीहरु बनाउने गर्छन् । माटाको भाडा वर्तन, चियाकप, दीपलगायतका सामग्रीहरु पूर्णरुपमा वातावरण मैत्री रहेका छन् । तर पुख्यौंली पेशाबाट जीवकोपार्जन गर्न कठिन हुन थालेपछि उनीहरुले पेशाबाट पलायन गर्न थालेका छन् । कुम्हाल जातिका महिलापुरुषहरु अहिले उच्च शिक्षा आर्जन गर्ने, प्राविधिक शिक्षा(चिकित्सक, इञ्जिनियर) लगायतको पेशामा अगाडि आएका छन् । यो अत्यन्त सकारात्मक हो । समयानुकूल बदलाव आवश्यक पनि छ । कुम्हाल जातिले पुख्यौंली पेशासँगै शिक्षाको महत्वलाई बुझ्नेर अगाडि बढेकोले जीवनशैलीमा समेत परिवर्तन आएको छ । शिक्षा र पुख्यौंली पेशालाई जोड्न सके अझ् बढी प्रभावकारी हुन सक्छ । कुम्हाल जातिले पुख्यौंली पेशालाई आधुनिकता दिदैं जीवकोपार्जनको सशक्त माध्यम बनाउन सरकारी सहयोग आवश्यक छ । सरकारले स्वरोजगारीका लागि विभिन्न सीपमूलक तालिमहरु दिने गर्छन् । तर मूर्तिकारहरुलाई त्यसमा समेटिएको छैन । माटोको विभिन्न सामग्रीहरु बनाउने शिल्पकारहरुलाई सरकारले उपेक्षा गरेको छ । सरकारले माटोको सामग्री उत्पादन गर्नेहरुलाई विशेष प्याकेज घोषणा गर्नुपर्छ । माटोको सामग्रीहरुलाई सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याउनु पर्छ । माटोको चियाकप, दही बनाउने माटोको भाँडो, माटोको प्लेटलगायतका कयौं सामग्रीहरु प्रयोगमा ल्याउन सक्छ । माटोको भाँडाकुँडाले वातावरणमा अनुकूल प्रभाव पर्नेछ । स्वरोजगारको क्षेत्र विस्तार हुनेछ । सरकारले शिल्पकार कुम्हालहरुको पुख्यौंली पेशालाई निरन्तरता दिन विशेष सुविधाहरु उपलब्ध गराउनु पर्छ । माटोको सामग्रीले प्लाष्टिकको कयौं सामग्रीलाई विस्थापित गर्न सक्छ । त्यसकारण पनि माटोको सामग्री बनाउने कुम्हाल जातिलगायतलाई सरकारले सहयोग गर्नुपर्छ । कुम्हाल जातिले पेशाबाट पलायन गर्ने अवस्थालाई हटाउन सरकारले विशेष सहयोग गर्न आवश्यक छ । माटोको सामग्रीहरुलाई आधुनिकीकरण गर्न सरकारले शिल्पकारहरुका लागि विशेष कार्यक्रमहरु बजेटमा नै ल्याउनु पर्छ ।

## युवामय संसदको परीक्षा :

# उमेर होइन, क्षमता र अध्ययन चाहिन्छ

● सुजीत कुमार झा

सरकार दुईतिहाइको बहुमतमा छ । संसद इतिहासकै सबैभन्दा युवामय देखिएको छ । नयाँ दल, नयाँ अनुहार र नयाँ पुस्ताका प्रतिनिधिप्रति जनताको अपेक्षा पनि असाधारण छ । तर यतिबेला यही युवामय संसदका केही सांसदको बोली, शैली, प्रस्तुतिकरण र तयारीलाई लिएर प्रश्न उठ्न थालेका छन् । सामाजिक सञ्जालदेखि सार्वजनिक बहससम्म आलोचनाका स्वर सुनिन थालेका छन् । जसलाई परिवर्तनको वाहकका रूपमा हेरेर जनताले ठूलो भरोसा गरेका थिए, तिनै प्रतिनिधिप्रति निराशा बढ्नु नयाँ राजनीतिक शक्तिका लागि पक्कै पनि सुखद संकेत होइन ।

यो विषयलाई मात्रै केही सांसदको व्यक्तिगत कमजोरीका रूपमा बुझेर पन्छाउन मिल्दैन । यसले नयाँ राजनीतिक पुस्ताको तयारी, क्षमता, जिम्मेवारीबोध र राज्य सञ्चालनप्रतिको दृष्टिकोणमाथि नै गम्भीर प्रश्न उठाएको छ ।

हरेक पदको आफ्नै प्रतिष्ठा र मर्यादा हुन्छ । पद भनेको मात्रै परिचय वा सुविधा प्राप्त गर्ने माध्यम होइन । पदसँगै जिम्मेवारी, जवाफदेहिता र सार्वजनिक विश्वास पनि जोडिएको हुन्छ । सांसदको पद त झन् प्रत्यक्ष रूपमा जनताको मतसँग जोडिएको हुन्छ । त्यसैले संसदमा पुगेपछि व्यक्तिगत व्यवहारसमेत सार्वजनिक जिम्मेवारीको विषय बन्छ । पदीय मर्यादा जोगाउनु पद प्राप्त गर्ने व्यक्तिको पहिलो कर्तव्य हो ।

**जेनजीले खोजेको परिवर्तन के थियो ?**

नयाँ पुस्ताको असन्तुष्टि र जेनजी विद्रोहलाई मात्रै पुराना नेताविरुद्धको आक्रोशका रूपमा बुझ्नु ठूलो भूल हुनेछ । त्यसको मूल मर्म अनुहार परिवर्तनभन्दा धेरै गहिरो थियो ।

पुराना र पाका नेताको ठाउँमा नयाँ पुस्ता आउनुपर्छ भन्ने चाहना थियो, तर मात्रै उमेरका हिसाबले युवा भएर होइन । कामचोर र जिम्मेवारीबाट पन्छिने कर्मचारीतन्त्रको ठाउँमा परिणाममुखी प्रशासन चाहिएको थियो । पुरानो ढर्रा र शैलीको ठाउँमा आधुनिक ज्ञान तथा प्रविधिमा अभ्यस्त नेतृत्व चाहिएको थियो । ढिलो, कमजोर र अनुत्तरदायी शासनको ठाउँमा छिटो, प्रभावकारी र जनउत्तरदायी शासन चाहिएको थियो । अपारदर्शिता, साँठगाँठ र पहुँचको राजनीतिका ठाउँमा पारदर्शिता, योग्यता र खुला प्रतिस्पर्धा चाहिएको थियो । सबैभन्दा महत्वपूर्ण कुरा, कुशासनको ठाउँमा सुशासन स्थापित होस् भन्ने नयाँ पुस्ताको आकाक्षा थियो ।

त्यसैले जेनजीले मात्रै पुराना अनुहार विस्थापित गर्न खोजेको होइन । उसले पुरानो सोच, संस्कार, कार्यशैली र राजनीतिक संस्कृतिलाई पनि विस्थापित गर्न खोजेको हो ।

युवाको हातमा सत्ता पुग्दैमा परिवर्तन पूरा हुँदैन । परिवर्तन तब मात्र सार्थक हुन्छ, जब युवासँग नयाँ सोच, ज्ञान, प्रविधिको समझ, अध्ययन, तर्क, सिर्जनशीलता, अनुशासन र परिणाम दिने क्षमता पनि हुन्छ ।

**नयाँ अनुहार मात्रै पर्याप्त हुँदैन**

आजको राजनीतिक बहसको सबैभन्दा महत्वपूर्ण प्रश्न यही हो–के संसदमा युवा अनुहारको उपस्थिति मात्र पर्याप्त छ ?

उत्तर स्पष्ट छ–छैन । उमेरले युवा भएर मात्रै संसद प्रभावकारी हुँदैन । संसदमा उपस्थित भएर आफ्नो पालो आएपछि कागज हेरेर भाषण पढ्नु मात्र सांसदको जिम्मेवारी होइन । सांसदले विधेयक पढ्नुपर्छ, संविधान बुझ्नुपर्छ, राज्यका नीति र कार्यक्रमबारे जानकारी राख्नुपर्छ, तथ्य र तथ्याङ्कको अध्ययन गर्नुपर्छ तथा जनताका समस्यालाई तर्कसहित प्रस्तुत गर्न सक्नुपर्छ ।

सांसद भनेको जनताको प्रतिनिधि हो । उसले सरकारलाई प्रश्न गर्नुपर्छ, गलत निर्णयमाथि खबरदारी गर्नुपर्छ, आवश्यक नीति निर्माणमा योगदान दिनुपर्छ र जनताको आवाजलाई राज्यको उच्चतम राजनीतिक मञ्चमा प्रभावकारी ढङ्गले पुऱ्याउनुपर्छ । त्यसका लागि अध्ययन अपरिहार्य छ । युवाको सबैभन्दा ठूलो शक्ति ऊर्जा हो । तर ऊर्जा मात्रै पर्याप्त हुँदैन । ऊर्जालाई दिशा दिने विवेक चाहिन्छ ।

अहिलेको नेतृत्वमा देखिन सक्ने सबैभन्दा ठूलो कमजोरी यही हो–जोस धेरै, तर अनुभव र समन्वय सीमित । आफू नै सबैभन्दा जान्ने, आफ्नै निर्णय सही र अरूको सुझाव अनावश्यक भन्ने सोचले कुनै पनि नयाँ नेतृत्वलाई कमजोर बनाउन सक्छ ।

राज्य सञ्चालनमा विशेषज्ञको सुझाव चाहिन्छ । फरक मत सुन्ने संस्कार चाहिन्छ । आलोचना सहने क्षमता चाहिन्छ । असफलताबाट सिक्ने विनम्रता चाहिन्छ । नयाँ पुस्ताले पुरानो पुस्ताको अहंकार विस्थापित गरेर आफूभित्र अर्को प्रकारको अहंकार जन्मायो भने त्यसलाई परिवर्तन भन्न सकिँदैन ।

अनुभव नभएका नयाँ सांसदले अध्ययनबाट अनुभवको कमी पूर्ति गर्न सक्छन् । राजनीतिमा लामो समय बिताएको अनुभव छैन भने त्यसमा लज्जित

> जेनजीको सपना मात्रै संसदमा युवाको संख्या बढाउने थिएन । उसको सपना राज्य सञ्चालनको संस्कार बदल्ने थियो । त्यसैले आजका युवा सांसदको वास्तविक परीक्षा उनीहरुको उमेरमा होइन, उनीहरुको अध्ययन, सोच, व्यवहार, तर्क, अनुशासन र परिणाम दिने क्षमतामा हुनेछ ।

हुनुपर्ने कारण छैन । तर अध्ययन गर्ने इच्छाशक्ति र सिक्ने धैर्य भने हुनैपर्छ ।

**प्रस्तुतिको कमजोरीले गम्भीर सन्देश दिन्छ**

पछिल्लो समय केही युवा सांसदको संसदभित्रको प्रस्तुतिलाई लिएर उठेका आलोचनाले यही प्रश्नलाई सतहमा ल्याएको छ । एआई वा अन्य प्रविधिको सहयोगमा तयार गरिएको लिखित भाषणसमेत आत्मविश्वासका साथ प्रस्तुत गर्न नसक्ने, विषयवस्तुको गहिराइभन्दा बाहिरी प्रदर्शनमा बढी ध्यान दिने तथा संसदीय मर्यादासँग मेल नखाने प्रस्तुतिले नयाँ पुस्ताको प्रतिनिधित्वमाथि नै प्रश्न उठाउने वातावरण बनाएको छ ।

कालो चश्मा, पहिरन वा बाहिरी व्यक्तित्व आफैंमा समस्या होइन । समस्या त्यतिबेला हुन्छ, जब बाहिरी प्रदर्शनले अध्ययन, विषयगत ज्ञान, तर्क र जिम्मेवारीलाई छायामा पार्छ ।

संसद कुनै फेसन शो वा सामाजिक सञ्जालमा लोकप्रियता हासिल गर्ने मञ्च होइन । यहाँ प्रत्येक शब्दको राजनीतिक र सार्वजनिक अर्थ हुन्छ । सांसदले बोलेको कुरा अभिलेखमा रहन्छ । त्यसैले संसदमा बोल्नु र सामाजिक सञ्जालमा अभिव्यक्ति दिनु एउटै कुरा होइन ।

सभामुखले समेत संसदको मर्यादा, पोसाक र अनुशासनका विषयमा सांसदहरूलाई सचेत गराउनुपर्ने अवस्था आउनु आफैंमा गम्भीर सन्देश हो । संसदको गरिमा कायम राख्ने जिम्मेवारी सभामुखको मात्र होइन, प्रत्येक सांसदको हो ।

**सरकारको नियतभन्दा कार्यशैलीमा प्रश्न**

वर्तमान सरकारका कतिपय पहल र प्रयासलाई हेर्दा केही नयाँ काम गर्ने इच्छा देखिन्छ । नियतमाथि मात्र प्रश्न उठाइहाल्नुपर्ने अवस्था नहुन सक्छ । तर शासनमा नियतसँगै निर्णयको विवेक, कार्यान्वयनको संवेदनशीलता र जनताप्रतिको उत्तरदायित्व पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सुकुम्बासीका विषयमा देखिएको हतार, कठोरता र मानवीय संवेदनाको अभावजस्तो देखिने व्यवहारले सरकारप्रति आशा राख्नेहरूलाई निराश बनाएको छ । गरिब तथा विपन्न नागरिकको समस्या समाधान गर्ने नाममा राज्यले अपनाउने शैली न्यायपूर्ण, संवेदनशील र व्यवहारिक हुनुपर्छ ।

युवा नेतृत्वको सबैभन्दा ठूलो शक्ति उसको ऊर्जा हो । तर त्यही ऊर्जा अपरिपक्वता, हतार, अहंकार र समन्वयको कमीमा परिणत भयो भने शक्ति नै कमजोरी बन्न सक्छ ।

युवा जोससँगै अनुभवबाट सिक्ने विनम्रता पनि चाहिन्छ । आफूलाई मात्र सही ठान्ने प्रवृत्तिभन्दा विशेषज्ञको सुझाव सुन्ने संस्कार आवश्यक हुन्छ । सल्लाह दिने घेरा साँघुरो भयो, आलोचना सुन्ने क्षमता कमजोर भयो र आफू नै सर्वज्ञ भएको भ्रम बढ्यो भने नयाँ नेतृत्व पनि पुरानै शैलीको अर्को संस्करण बन्न सक्छ ।

**आफ्नै क्षेत्रमा सफल व्यक्ति राजनीतिमा किन कमजोर देखिए ?**

आज आलोचना खेपिरहेका कतिपय युवा नेता र सांसद राजनीतिमा आउनुअघि आफ्नै क्षेत्रमा प्रशंसनीय थिए । कोही सामाजिक अभियन्ता थिए, कोही पत्रकार, कोही चिकित्सक, कोही कलाकार, कोही व्यापारी, कोही मोडल तथा कोही समाजसेवी ।

आफ्नो क्षेत्रमा उनीहरूले योगदान गरेका थिए । त्यसैले जनताले उनीहरूलाई विश्वास गरे । तर कुनै एउटा क्षेत्रमा सफल हुनु र राज्य सञ्चालनको जटिल राजनीतिमा सफल हुनु फरक कुरा हो ।

राजनीति आफैंमा बहुआयामिक क्षेत्र हो । यहाँ अर्थतन्त्रदेखि कूटनीति, संविधानदेखि प्रशासन, शिक्षा, स्वास्थ्य, सुरक्षा, सामाजिक न्याय, विकास, अन्तर्राष्ट्रिय सम्बन्ध र सार्वजनिक नीतिसम्मको ज्ञान आवश्यक हुन्छ ।

त्यसैले एउटा क्षेत्रमा अब्बल हुँदैमा अर्को क्षेत्रमा पनि स्वतः अब्बल भइन्छ भन्ने हुँदैन । नयाँ जिम्मेवार ीसँग आफूलाई अनुकूलन गर्न सक्ने क्षमता सबैसँग समान हुँदैन ।

राजनीतिमा प्रवेश गरेपछि सिक्नुपर्ने विषय धेरै छन् । त्यही कारण नयाँ सांसदलाई समय, अध्ययन र प्रशिक्षण आवश्यक हुन्छ । उनीहरूको कमजोरी देखिएपछि उपहास गर्नु समाधान होइन; तर कमजोरीलाई कमजोरी नै हो भनेर स्वीकार नगर्नु पनि अझ ठूलो समस्या हो ।

**संसदमा बोल्न अध्ययन चाहिन्छ**

संसदमा के बोल्ने ? कसरी बोल्ने ? कुन विषयलाई प्राथमिकता दिने ? तथ्य कसरी प्रस्तुत गर्ने ? सरकारलाई कसरी प्रश्न गर्ने ? आफ्नो तर्कलाई कसरी प्रमाणित गर्ने ? यी सबैका लागि अध्ययन आवश्यक हुन्छ ।

सांसदले आफ्नो निर्वाचन क्षेत्रका समस्या मात्र होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा समेत सामान्य ज्ञान राख्नुपर्छ । संविधान, कानुन, नीति, बजेट, विकास योजना र सार्वजनिक प्रशासनबारे निरन्तर अध्ययन गर्नुपर्छ ।

अध्ययन नभए अनुभव पनि सीमित हुन्छ । अनुभव नभए अध्ययन झन् आवश्यक हुन्छ । त्यसैले नयाँ सांसदका लागि 'म नयाँ हुँ' भन्ने बहाना स्वीकार्य हुन सक्दैन । नयाँ हुनु कमजोरी होइन, तर नजान्ने कुरा सिक्न नचाहनुचाहिँ कमजोरी हो ।

सामाजिक सञ्जालमा अहिले केही आलोचकले यही विषयलाई व्यंग्य गर्दै प्रश्न उठाइरहेका छन्–चार लाइनको भाषणसमेत आफ्नै ज्ञान र तर्कबाट तयार गर्न नसक्ने व्यक्ति सांसद बन्न किन हतारिए ?

भाषा केही कठोर भए पनि यस प्रश्नको मूल भावमाथि बहस गर्नैपर्छ । जनताको प्रतिनिधि बनेपछि सिक्ने, पढ्ने र आफूलाई सुधार्ने जिम्मेवारीबाट कोही पनि मुक्त हुँदैन ।

**अघिल्लो संसदका युवा सांसदको सम्झना**

यतिबेला २०७९ को संसदमा रहेका केही युवा सांसदको खोजी र चर्चा फेरि हुन थालेको छ । सुमना श्रेष्ठ, सन्तोष परियार, मनिष झा, सोभिता गौतम, तोशिमा कार्कीजस्ता युवा सांसदले त्यतिबेला अध्ययन, तयारी र तर्कसहित संसदमा आफ्नो उपस्थिति प्रभावकारी बनाएका थिए ।

रास्वपाका केही सांसदको तयारी र प्रस्तुति त्यतिबेला सत्तापक्ष र विपक्ष दुवैका लागि ध्यानाकर्षणको विषय बनेको थियो । उनीहरूको संख्या धेरै थिएन, तर विषयवस्तुको तयारी र बोल्ने शैलीका कारण संसदमा प्रभाव भने उल्लेखनीय थियो ।

अहिले त्यही स्तरको सक्रियता र तार्किक प्रस्तुतिको खोजी भइरहेको छ । कोही मन्त्री बनेर आफ्नो अभिव्यक्तिमा स्वाभाविक रूपमा सीमित भएका छन् । कोही मौन देखिएका छन् । अध्ययन र तर्कका कारण चर्चामा आएका केही सांसद पनि अहिले ओझेलमा परेको अनुभूति हुन्छ ।

पाका नेतामा प्रदीप गिरिजस्ता अध्ययनशील र तर्कशील व्यक्तित्व तथा युवामा सुमना श्रेष्ठजस्ता तयारीका साथ प्रस्तुत हुने सांसदको शैलीबाट नयाँ पुस्ताले सिक्नुपर्ने धेरै कुरा छन् ।

**युवामय संसद अब सक्षम पनि बन्नुपर्छ**

जेनजीले खोजेको परिवर्तन बुढाको ठाउँमा युवा ल्याउनु मात्र थिएन । युवा भएर पनि ज्ञान, अध्ययन, क्षमता र तर्कमा कमजोर हुनु नयाँ पुस्ताको सपना होइन । अब प्रश्न उमेरको होइन, योग्यताको हो ।

उमेरले युवा हुनु एउटा जैविक अवस्था हो । सोचले युवा हुनु राजनीतिक र बौद्धिक अवस्था हो । प्रविधिमा अभ्यस्त हुनु, नयाँ विचार स्वीकार गर्न सक्नु, आलोचना सुन्न सक्नु, निरन्तर सिकिरहनु, तथ्यका आधारमा निर्णय गर्नु र परिणाम दिन सक्नु नै वास्तविक अर्थमा नयाँ पुस्ताको नेतृत्व हो ।

आजको संसद युवामय बनेको छ । यो ठूलो उपलब्धि हो । तर युवामय संसद आफैंमा पर्याप्त उपलब्धि होइन । अब यसलाई सक्षम, अध्ययनशील, तार्किक, अनुशासित, मर्यादित, पारदर्शी र परिणाममुखी संसदमा रूपान्तरण गर्नुपर्ने चुनौती छ ।

नयाँ पुस्ताले पुरानो पुस्तालाई विस्थापित गरेको छ भने अब पुरानो कार्यशैलीलाई पनि विस्थापित गर्नुपर्छ । भाषणभन्दा काम, प्रदर्शनभन्दा क्षमता, नाराभन्दा नीति, लोकप्रियताभन्दा परिणाम र भीडभन्दा विवेकलाई प्राथमिकता दिनुपर्छ ।

अन्ततः जेनजीको सपना मात्रै संसदमा युवाको संख्या बढाउने थिएन । उसको सपना राज्य सञ्चालनको संस्कार बदल्ने थियो । त्यसैले आजका युवा सांसदको वास्तविक परीक्षा उनीहरूको उमेरमा होइन, उनीहरूको अध्ययन, सोच, व्यवहार, तर्क, अनुशासन र परिणाम दिने क्षमतामा हुनेछ ।

अहिलेको आलोचनालाई नयाँ पुस्ताले शत्रुताका रूपमा होइन, सुधारको अवसरका रूपमा लिनुपर्छ । युवा सांसदहरूलाई असफल बनाउन होइन, सफल बनाउन प्रश्न उठाइएको हो । उनीहरूलाई संसदबाट कमजोर बनाएर होइन, संसदमा अझ सक्षम बनाएर लोकतन्त्र बलियो हुन्छ ।

जेनजीको सपना युवामय संसद मात्र थिएन । उसको सपना सक्षम, अध्ययनशील, तार्किक, अनुशासित, पारदर्शी, जवाफदेही र परिणाममुखी संसद थियो । अब उमेरको प्रमाणपत्र देखाएर मात्र पुग्दैन । ज्ञानको प्रमाण दिनुपर्छ । भाषणको होइन, कामको प्रमाण दिनुपर्छ । लोकप्रियताको होइन, परिणामको प्रमाण दिनुपर्छ ।

युवामय संसद परिवर्तनको सुरुआत हो; सक्षम संसद निर्माण त्यसको वास्तविक परीक्षा हो ।

इतिहासकै युवामय संसद बनिसकेको छ । अब इतिहासकै सक्षम र प्रभावशाली संसद बनाउने जिम्मेवारी पनि यही नयाँ पुस्ताको काँधमा छ ।

# गजेन्द्रनारायण सिंह अस्पतालको गेटको दृश्य र आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम

डा. उत्तम पच्या

भोटेकोशी बाढीका फुटेजहरुले भरिएका आँखाहरु ओभाउनै थिए, बुधबार विहान देखि सामाजिक सञ्जालमा अर्को भयानक दृश्य देखिन थाल्यो । भोटेकोशी बाढीलाई अप्रत्यासित आएको प्राकृतिक विपत्ती मान्न विवस आँखाहरु मधेशबाट आएको नयाँ दृश्यलाई त्यति सहज स्वीकार गर्न सकिरहेको थिएन ।

भोटेकोशी बाढीबाट अकल्पनीय रुपमा जनधनको क्षति पुगेको छ, मधेशको त्यो परि घटनाले तत्काल ठूलो क्षति त भएन तर हाम्रो सिस्टम, हामीमा हुनु पर्ने ज्ञान र मानवीय संवेदनालाई छर्लङ्ग पारिदिएको छ ।हो तपाईंले थाहा पाईसक्नु भयो, मैले मधेशबाट आएको दृश्यको रुपमा के विषय उठाउन खोजिरहेको छु ।

गत बुधबार विहानै गजेन्द्रनारायणसिंह अस्पताल राजविराजमा सुत्केरीका लागि एका विहानै (२ बजे तिर) आएकी बविताकुमारी पासवानले केही समय पछि मुलगेटमा बच्चा जन्माईन् ।

अस्पतालको मुल गेटमा सुत्केरी हुँदै गरेको दृश्य कसैले सीसीटीभीमा समेत कैद भयो । त्यसदिन जब उज्यालो भयो, दृश्य सामाजिक सञ्जालबाट बाहिरियो । समाचारहरुमा सुत्केरीका लागि चाहिने जाँचका लागि पैसा तिर्न नसकेर उनी बाहिर गईन र बच्चा जन्माइन भन्ने आयो । कतिपय समाचारमा उनीहरुले पैसा छैन भनेर अस्पतालका स्टाफहरुलाई अनुरोध गरेको भए हुन्थ्यो भनेर पनि आए । कसैले अस्पतालका स्टाफहरुको व्यवहारले अफ्टेरो पारेको पनि भने ।

खैर, कुरा जे होस्,

अस्पतालको गेटबाहिर सडक पेटीमा बच्चा जन्माउनु पर्ने अवस्था आउनु सबैभन्दा दुखद पक्ष हो । कारण जे सुकै होस, छानविन समिति गठन भएको छ, टोलीले आवश्यक अध्ययन् गरी यर्थात बाहिर ल्याई हाल्छ नै । तर यस घटना पछि हामीले पनि विद्यमान कानूनी, सामाजिक र व्यवहारिक पक्षलाई हेरेर समय अनुसार विषयलाई अपडेट गर्नु पर्ने जस्तो लाग्छ ।

समस्याहरु आउँछन्, तिनलाई सुल्झाउन भनेर सरकारले नीति नियमहरु बनाएको हुन्छ । सुत्केरी घटना र त्यसपछिका कुराहरुलाई टुंगोमा पुर्याउन पनि केही नीति र सिद्धान्तलाई अघि सार्नै पर्छ । तर ती नीति र सिद्धान्तहरु समयानुसार आवश्यकताको सिद्धान्तलाई मनन गरी परिवर्तन पर्दछ । र भै रहेको पनि छ ।

यहि अस्तिको घटना हेर्दौं न, गजेन्द्रनारायण सिंह अस्पतालमा प्रसूति व्यथामा आएकी बविातासंग चिकित्सकले भने अनुसार प्रयोगशाला जाँच गर्न पैसा नभएपछि अस्पतालबाट अचानक हराएको भन्ने कुरा सुनिएको छ ।

अस्पतालको मुलगेट बाहिर सुत्केरी भएपछि साल नाल काटन अस्पताल भित्र छिरेको तर सो सेवा लिएपछि पुन बाहिरिएको भन्ने कुरा समाचारमा पढेको हुँ ।

माननीय मन्त्री ज्यूले पनि शुक्रबार संसदमा बताउनु भएको थियो । उहाँले अहिले आमा र शिशुलाई हाल अस्पतालकै बेड

नम्बर २२ मा भर्ना गरिएको पनि बताउदै दुबै जनाको स्वास्थ्य सामान्य रहेको जानकारी दिनु भएको थियो ।

**अहिले उठेका निशुल्कको प्रश्नहरु**

राजविराज घटना पछि जतातते प्रश्न उब्जिएको छ, के नेपालमा प्रसूति सेवा निस्शुल्क हो ? हो भने कुन हद सम्म हो ? यो घटनामा सम्बन्धित आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम २०७८ मा के छ ?

**यस्तो रहेछ निर्देशिकामा**

यस निर्देशिकाको अनुसूची २ (क) अनुसार नवजात शिशु स्वास्थ्य सेवा प्याकेजलाई ०, A, B र C गरी ४ भागमा विभाजन गरिएको छ । कुन प्याकेजमा कुन कुन जांच गर्ने स्पष्ट खुलाइएको छ तर दफा ६ (क) अनुसार स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मूल्य (नर्मल डेलिवरी-२५००, जटिल डेलिवरी-४०००, सिजरियन सेक्सन-१०,०००) बाट गर्भवती महिलालाई सम्पूर्ण प्रयोगशाला जाँच, औषधि, उपकरण खरीद गरी अनिवार्य रुपमा निःशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

सेवा प्रदायक संस्थाले सेवा ग्राही महिलालाई औषधि, उपकरण, सामान र प्रयोगशाला शुल्क वा सेवा बापत कुनै पनि शुल्क लिन पाइने छैन । यो अनुसार आवश्यक सबै जाँच निःशुल्क गर्नु पर्ने हुन्छ । रेगुलर जाँच (ANC visit) मा कुन कुन जाँच निःशुल्क गर्ने र कुन प्याकेज अन्तर्गत कुन जाँच (रगत, पिसाब, ऋक्वँ,) निः शुल्क गर्ने भन्ने स्पष्ट उल्लेख गरेको पाइन मैले ।

**कहाँ निर ग्याप देखियो ?**

स्वास्थ्य संस्थालाई इकाई मूल्य निश्चित गरेको तर सेवा दिदा आवश्यक औषधी, उपकरण, सामान र प्रयोगशाला जाँच असिमित हुँदा ब्लाङ्केटमै सम्पूर्ण भन्दा के के जाँच निशुल्क गर्ने भन्ने सीमा देखिएन ।

त्यसैले मलाई लागेको यस्तो समस्या दोहोरिन नदिन सरकारले नीतिगत तहबाटै तीन कुरामा स्पष्ट हुन जरुरी छ ।

**त्यसमा के गर्ने ?**

नवजात शिशुको स्वास्थ्य सेवा दिदा जस्तै कुन प्याकेजको सेवा अन्तर्गत कुन कुन प्रयोगशाला जांच निःशुल्क गर्ने भन्ने स्पष्ट उल्लेख गर्नु पर्ने देखिन्छ ।

सम्पूर्ण जाँच निःशुल्क गर्ने भन्ने हो भने जति स्वास्थ्य संस्थाबाट आवश्यक औषधि, उपकरण, सामान र प्रयोगशाला जाँच गर्दा खर्च हुन्छ त्यो परिपूर्ति गर्नु पर्ने देखिन्छ ।

प्याकेज अनुसारको इकाई मूल्य समय सापक्ष परिमार्जन गर्नु पर्ने देखिन्छ । यो लेख नेपालीहेल्थपोस्टडटकमबाट साभार गरिएको हो ।

# राष्ट्रियसभाः ब्रिक्स देशको सदस्यता लिनुपर्नेमा सांसदको जोड

काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरूले ब्रिक्स सम्मेलनमा नेपालले पनि अर्को पटकदेखि भाग लिनेगरी ब्रिक्स सदस्य देशका रूपमा सदस्यता लिनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रियसभाको बुधबारको बैठकको शून्य समयमा सदस्य उर्मिला अर्यालले ब्रिक्स सम्मेलनमा नेपालले सदस्यता लिनुपर्ने बताउनुभयो । सदस्य गोमादेवी तिमल्सिनाले ब्रिक्स सम्मेलनमा नेपाललाई किन निमन्त्रण आएन भनी प्रश्न गर्नुभयो ।

सदस्य जयन्तीदेवी राईले मधेश प्रदेशमा बविता पासवानले सडकमै बच्चा जन्माउनुपर्ने अवस्था अन्त्य गर्ने गरी वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । रसुवा बाढी पीडितलाई मनोपरामर्श दिने व्यवस्था गर्न पनि उहाँले माग गर्नुभएको थियो ।

सदस्य नरबहादुर विष्टले भोटेकोशी घटनामा परी अहिलेसम्म भएको क्षतिको यथार्थ विवरण सदनमा जानकारी दिन माग गर्नुभयो ।

सदस्य नारायणदत्त मिश्रले धानको मूल्य निर्धारणका लागि पालिकास्तरमा खरिद मूल्य निर्धारण गर्ने शाखाको गठन गर्न माग गर्नुभयो । सदस्य मोहम्मद खालिदले सबै उपभोग्य वस्तुमा मूल्य बढ्नु चिन्ताको विषय भएकाले यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो ।

सदस्य युवराज शर्माले मूल्य वृद्धि भएर पनि ग्याँस पाउन नसकिने अवस्था आएको र सबै उपभोग्य वस्तुको मूल्य वृद्धि भएकाले नियन्त्रण गर्न माग गर्नुभयो

सदस्य राजेन्द्रलक्ष्मी गैह्रेले महिलाले सडकमै बच्चा जन्माउने अवस्था आउँदा पनि सरकार गुपचुप बसेकामा आपत्ति जनाउनुभयो । रासस

# चलचित्र क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्न सरकार तयार छः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले कला, संस्कृति तथा राष्ट्रिय महत्त्वका विषयवस्तुमा आधारित चलचित्रको संरक्षण, प्रवर्द्धन र विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

विश्वप्रसिद्ध 'एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सेज (अस्कर अवार्ड)को ९९औँ संस्करणका लागि नेपालको प्रतिनिधित्व गरिरहेको चलचित्र 'तिनीहरू-एलिफेन्ट्स इन द फग'को टोलीसँग आज मन्त्रालयमा भएको भेटमा सञ्चारमन्त्री डा तिमिल्सिनाले कला क्षेत्रको जगेर्ना गर्नु राज्यको दायित्व भएको बताउनुभएको हो । उक्त चलचित्रका निर्माता अनुप पौडेल, कलाकार एलिज घिमिरेलगायत सहभागी टोलीले चलचित्र क्षेत्रको विकास र अन्तरराष्ट्रियस्तरमा नेपाली चलचित्रको प्रवर्द्धनका लागि सरकारका तर्फबाट सहयोग तथा सहकार्यको अपेक्षा राखेको थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले समग्र चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि मन्त्रालयबाट आवश्यक पर्ने सहयोग उपलब्ध गराउन सरकार तयार रहेको स्पष्ट पार्नुभयो । उहाँले नेपाली कला, संस्कृति र राष्ट्रिय महत्त्वका विषयवस्तुलाई चलचित्रमार्फत अन्तरराष्ट्रियस्तरमा पुऱ्याउने प्रयासलाई सरकारले प्रोत्साहन गर्ने बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका विषयवस्तुमा आधारित चलचित्र निर्माणलाई प्रोत्साहन गर्न सरकार नीतिगत रूपमा अघि बढिरहेको जानकारी दिनुभयो ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न रु तीन करोड ५० लाख अनुदान रकम विनियोजन गरेको छ । उक्त बजेट कार्यान्वयन

गर्न मन्त्रालयले 'सांस्कृतिक तथा राष्ट्रिय महत्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८३' निर्माणको काम अन्तिम चरणमा पुऱ्याएको मन्त्री तिमिल्सिनाले बताउनुभयो । उक्त कार्यक्रममार्फत सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको उहाँको भनाइ छ ।

सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासका लागि आवश्यक नीतिगत सुधारलाई प्राथमिकतामा राखिएको बताउनुभयो । अहिले संसद्मा विचाराधीन रहेको चलचित्र विधेयकलाई बलियो र कार्यान्वयनयोग्य बनाउने गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो । चलचित्र क्षेत्रमा लामो समयदेखि अपेक्षा गरिएको नीतिगत तथा संरचनागत परिवर्तनलाई व्यवहारमै अनुभूत हुनेगरी कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । चलचित्र क्षेत्रको विकासका लागि राज्यको सहयोगलाई नीतिगत, कानुनी तथा आर्थिक पक्षसँग जोडेर अघि बढाउने सरकारको तयारी रहेको उहाँको भनाइ थियो ।

अविनाशविक्रम शाह निर्देशित 'तिनीहरू' यसअघि कान्स फिल्म फेस्टिभलमा पुरस्कृत भएको थियो । अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा प्राप्त सो उपलब्धिलाई सम्मान गर्दै चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डले उक्त चलचित्रलाई रु दुई लाख ५० हजार सम्मान प्रदान गरेका थिए ।

निर्माता पौडेलका अनुसार अस्करको ९९औँ संस्करणका लागि छनोट भएसँगै चलचित्रले अन्तरराष्ट्रियस्तरमा नेपालको चलचित्र उद्योग, कला, संस्कृति र मौलिक कथावस्तुको प्रतिनिधित्व गर्नेछ । यसैबीच, चलचित्रको बिहीबार विशेष प्रदर्शन गर्ने तयारी गरिएको पनि पौडेलले बताउनुभयो । विशेष प्रदर्शनमार्फत चलचित्रको विषयवस्तु तथा यसले उठाएको विषयवस्तु र राष्ट्रिय महत्वका पक्षबारे नीति निर्माता तथा सरोकारवालालाई जानकारी गराउने उद्देश्य राखिएको उहाँको भनाइ छ । रासस

# प्रधानमन्त्री साहसँग कार्यवाहक राजदूत बोल्डिनको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहसँग यहाँस्थित अमेरिकी दूतावासका कार्यवाहक राजदूत मेगन बोल्डिनले शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्रीको कार्यकक्षमा भएको भेटमा जलवायुजन्य विपद्का जोखिम न्यूनीकरण तथा त्यसको प्रभाव सम्बोधन गर्न विश्वव्यापी सहकार्य र सामूहिक प्रयासलाई अझ सुदृढ गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभएको

थियो ।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार प्रधानमन्त्री साहले नेपालको विशिष्ट पर्यटन सम्भावना तथा यसको विकासमार्फत पारस्परिक लाभ हासिल गर्न सकिने अवसरहरूबारे चर्चा गर्नाका साथै नेपालमा अमेरिकी लगानी अभिवृद्धिका लागि प्रोत्साहन गर्न उहाँलाई अनुरोध गर्नुभयो ।

प्रधानमन्त्री साहले भोटेकोशी बाढीपछिको कठिन परिस्थितिमा अमेरिकाले नेपाललाई गरेको सहयोग र ऐक्यबद्धताप्रति हार्दिक आभार व्यक्त गर्दै बाढीमा नेपालीसँगै विदेशी पनि प्रभावित भएकामा दुःख व्यक्त गर्नुभयो ।

कार्यवाहक राजदूत बोल्डिनले बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै वर्तमान कठिन घडीमा नेपाल सरकार र नेपाली जनताप्रति अमेरिकी सरकारको ऐक्यबद्धता प्रकट गर्नुभयो । उहाँले राहत, पुनःस्थापना तथा पुनर्निर्माणका प्रयासमा सहयोग गर्न अमेरिकी सरकार तत्पर रहेको बताउनुभयो । रासस

## रेनु चन्दको आक्रोश :

# हामी जनावर हैनौँ, बाटोमा बच्चा जन्माउँदै हिँड्नलाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी(नेकपा) की राष्ट्रिय सभा सांसद रेणु चन्दले महिलालाई सडकमा बच्चा जन्माउन बाध्य पारिएको घटनालाई लिएर आक्रोशित अभिव्यक्ति दिएकी छन् । राष्ट्रिय सभाको वैठकमा बुधबार बोल्दै उनी सरकारविरुद्ध आक्रामकरुपमा प्रस्तुत भइन् ।

राज्यलाई जनसंख्या चाहिएको र त्यसका लागि आमाहरुलाई जोखिममा पार्ने काम गरिएको सांसद चन्दले टिप्पणी गरिन् । यो विषयमा सरकारले जवाफ दिनु पर्ने उनको माग छ ।

**चन्दको भनाइ जस्ताको तस्तै:**

गरिमा चौधरीको रेप भयो र हत्या भयो । गृह मन्त्रालयमा गृहमन्त्री लगायत आधा दर्जन मन्त्रीहरूको घेराबन्दीमा गरिमाका आमाबुवालाई बोलाएर सम्झौता गराइयो र भन्न लगाइयो कि हामी खुसी छौँ ।

महिलालाई, आमालाई सडकमा बच्चा जन्माउन बाध्य पारिएको छ । राज्यलाई जनसङ्ख्या चाहिएको छ, बच्चाहरू चाहिएका छन्, तर जननीलाई जोखिममा पार्ने काम गरिएको छ ।

हामी महिला हौँ, जनावर हैनौँ, बाटोमा बच्चा जन्माउँदै हिँड्नलाई । ज्यान जोखिममा पारेर बच्चा जन्माउने काम

हामीले गरिरहेका छौँ । तर राज्यले आमालाई, देशको आधा जनसङ्ख्या भएको महिलालाई हेपेको छ, यो असह्य छ। यो विषयमा सरकारले जवाफ दिनुपर्छ ।

पछिल्ला केही समयमा महिला हिंसाका घटना भयावह तरिकाले बढेको छ । ५० प्रतिशत केन्द्रीय समिति सदस्य भएको पोलिटिकल पार्टी देशको नम्बर वन पोलिटिकल पार्टी भएर सरकारमा बसेको छ, त्यसबाट हाम्रा केही अपेक्षाहरू छन् । लगभग ३३ प्रतिशत महिलाहरू सरकारमा मन्त्री भएर बसेका छन्, त्यसबाट हाम्रा केही अपेक्षाहरू छन् । तर ती अपेक्षाहरूमा पानी फेर्ने काम सरकारले गरिरहेको छ।

गृहमन्त्रीले माइती भएको दावा गर्नुहुन्छ, यस्ता माइती हुनुभन्दा त बिनामाइतीकै ठिक छौँ हामी । हामी सरकारसँग कुरा सोध्न जाँदाखेरि गाली पाउँछौँ । सरकारसँग न्याय खोज्न जाँदाखेरि अनलाइनमा यति धेरै घृणाका साथ गाली गरिन्छ कि त देख्न सकिने, सुन्न सकिने छैन । हामीलाई अनलाइन हिंसा भएको छ, व्यावहारिक रूपमा हिंसा भएको छ । यी सबै हिंसा रोक्नका लागि सरकारले के काम गरिरहेको छ भन्ने जवाफ गृह मन्त्रालयले सदनमा आएर देओस् भनेर म माग गर्न चाहन्छु ।

र म सरकारलाई सोध्न चाहन्छु- अस्ति गरिमाको आमालाई सोध्नुभो, बुवालाई सोध्नुभो तपाईँ खुसी हुनुहुन्छ ? आज म सरकारलाई सोध्छु- बलात्कारी छुट्दाखेरि, एउटा आमाले सडकमा बच्चा जन्माउँदाखेरि, सरकार तपाईँ खुसी हुनुहुन्छ ? जवाफ दिनुस् सरकार, तपाईँ खुसी हुनुहुन्छ ?

# मन्त्रिपरिषद् बैठकका निर्णय: पराजुलीसहित चार जना विशिष्ट श्रेणीमा बढुवा

काठमाण्डु । सरकारले नेपाल प्रशासन सेवाका सहसचिव कालीप्रसाद पराजुलीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले पराजुलीसहित चार जनालाई

सचिवमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बैठकले नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू ठगीन्द्र कट्टेल, रामप्रसाद भट्टराई र बाबुराम दाहाललाई पनि राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने निर्णय गरेको छ ।

यस्तै, नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा अग्रिम करको दर निर्धारण गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ । बासिन्दा प्राकृतिक व्यक्तिले ३६५ दिनभन्दा बढी अवधि स्वामित्वमा राखेको हितको लाभ रकममा ३.५ प्रतिशत र ३६५ दिन वा सोभन्दा कम अवधि स्वामित्वमा राखेको हितको लाभ रकममा पाँच प्रतिशत अग्रिम कर कायम गरिएको छ ।

मन्त्रिपरिषद्ले साउदी अरबमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको बिमा तथा क्षतिपूर्ति रकम प्राप्तिका लागि कानुनी प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको छ ।

त्यसका लागि साउदी नागरिक कानुन व्यवसायीलाई वारेसनामा (पावर अफ एटर्नी) दिई बिमा तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाइने भएको छ ।

बैठकले सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ र चक्रीय राहत कोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ । रासस

# नेपाल-चीन सीमा वार्तामा नाम्खा-पुलानबीच भगिनी सम्बन्धको पहल

हुम्ला । नेपाल-चीन सीमा व्यवस्थापन, सुरक्षा तथा सीमावर्ती क्षेत्रका साझा विषयमा हुने बैठकमा भाग लिन हुम्ला र बझाङका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको टोली चीनको पुलान काउन्टीमा पुगेको छ ।

चिनियाँ सरकारको निमन्त्रणामा यही भदौ २९ गते असोज १ गतेसम्मको जारी बैठकमा भाग लिन नेपाली टोली त्यहाँ पुगेको सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रवीर शाहीले बताउनुभयो ।

उहाँका अनुसार चार दिनसम्म चल्ने वार्तामा भन्सार, अध्यागमन, सीमा सुरक्षा तथा सीमासँग सम्बन्धितलगायतक विषयमा गहन छलफल हुनेछ । नेपाली टोलीमा प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईं, प्रहरी नायब उपरीक्षक शङ्कर खड्का, सशस्त्र प्रहरी बलका नायब उपरीक्षक नन्दबहादुर साउद र चीनसँग सीमा जोडिएको नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामा रहनुभएको छ ।

त्यस्तै, बझाङबाट प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरी, प्रहरी नायब उपरीक्षक टेकबहादुर जोरा, चीनसँग सीमा जोडिएको साइपाल गाउँपालिकाका अध्यक्ष मानवीर बोहोरा तथा सशस्त्र प्रहरी बलका जिल्ला प्रमुख उज्जल लामिछाने रहेको सहायक प्रमुख जिल्ला अधिकारी शाहीले बताउनुभयो ।

नाम्खा-पुलानबीच भगिनी सम्बन्धको पहल

यसैबीच सीमा वार्ताका क्रममा हुम्लाको नाम्खा गाउँपालिका र चीनको तिब्बत स्वायत्त क्षेत्रअन्तर्गत आली प्रिफेक्चरको पुलान काउन्टीबीच भगिनी-नगर सम्बन्ध स्थापना गर्ने आशयपत्रमा हस्ताक्षर भएको छ । नेपालका तर्फबाट नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामाले आशयपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

नेपाल र चीनबीच आपसी मित्रता, सद्भाव, सांस्कृतिक आदानप्रदान तथा आर्थिक सहकार्यलाई थप सुदृढ बनाउने उद्देश्यले भगिनी सम्बन्धसम्बन्धी आशयपत्रमा हस्ताक्षर गरिएको अध्यक्ष लामाले बताउनुभयो ।

उक्त समझदारीले कृषि, पशुपालन, पर्यटन, संस्कृति तथा अन्य साझा हितका क्षेत्रमा सहकार्यका नयाँ सम्भावना खोल्ने अपेक्षा गरिएको बताउँदै अध्यक्ष लामाले सीमावर्ती क्षेत्रको विकास, समृद्धि तथा जनस्तरको सम्बन्ध विस्तार गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो । रासस

# मन्त्री चौधरीद्वारा कोरला नाकाको स्थलगत निरीक्षण

काठमाण्डु । कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले चीनसँगको सीमा जोडिएको कोरला नाकाको स्थलगत निरीक्षण गर्नुभएको छ ।

निरीक्षणका क्रममा बुधबार मन्त्री चौधरीले नाकाबाट हुने कृषि तथा पशुजन्य वस्तुको आयात-निर्यातको अवस्था, त्यसका लागि आवश्यक पूर्वाधार तथा प्रक्रियाबारे सम्बन्धित अधिकारीहरूसँग जानकारी लिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

उहाँले विशेषगरी स्थानीय उत्पादन तथा कृषि उपजको व्यापारलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्थाबारे जिज्ञासा राख्नुभएको

थियो । मन्त्री चौधरीले कोरला नाका हुँदै हुने कृषि तथा पशुजन्य वस्तुको व्यापारमा देखिएका समस्या पहिचान गरी आवश्यक सहजीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

त्यसैगरी, मुस्ताङको महत्त् वपूर्ण पशुजन्य व्यापारका रूपमा रहेको च्याङ्राको ओसारपसार तथा व्यापारलाई व्यवस्थित र सहज बनाउन क्वारेन्टाइनसम्बन्धी व्यवस्थामा विशेष ध्यान दिनुपर्ने विषयमा पनि उहाँले चासो राख्नुभएको थियो । च्याङ्रा व्यापारमा अनावश्यक झन्झट नहुने गरी स्वास्थ्य तथा पशुजन्य वस्तुको सुरक्षा मापदण्ड कायम राख्दै प्रक्रियालाई प्रभावकारी बनाउनुपर्नेमा मन्त्री चौधरीको जोड थियो ।

उहाँले सीमा नाकामा कृषि तथा पशुजन्य वस्तुको आयात-निर्यातसँग सम्बन्धित कार्यालयहरूबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउँदै स्थानीय व्यवसायी तथा कृषकले सहज रूपमा व्यापार गर्न सक्ने वातावरण निर्माण गर्न मन्त्रालयले आवश्यक पहल गर्ने बताउनुभयो ।

सो अवसरमा गण्डकी प्रदेशका वन तथा वातावरणमन्त्री नम्डु गुरुङ, सङ्घीय सांसद योगेश गौचन थकालीलगायत उपस्थित हुनुहुन्थ्यो । रासस

# परराष्ट्रमन्त्री खनालसँग भारतीय राजदूत श्रीवास्तवको बिदाइ भेट

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले आज बिदाइ भेट गर्नुभएको छ । परराष्ट्र मन्त्रालयमा भएको बिदाइ भेटमा परराष्ट्रमन्त्री खनालले सफल कार्यकाल सम्पन्न गर्नुभएकोमा उहाँलाई बधाई दिनुभएको मन्त्रालयले जनाएको छ ।

परराष्ट्रमन्त्री खनालले नेपाल-भारत सम्बन्धलाई थप गहिरो र बहुआयामिक बनाउन राजदूत श्रीवास्तवले निर्वाह गर्नुभएको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले नेपाल-भारतबीच ऊर्जा सहकार्य, व्यापार, पूर्वाधार तथा सम्पर्क सञ्जालका क्षेत्रमा भएका महत्त्वपूर्ण प्रगति र दुई देशका जनताबीचको सम्बन्धबारे चर्चा गर्नुभयो ।

यसैगरी, भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि नेपाललाई भारतले देखाएको ऐक्यबद्धता तथा विपद्पछिको खोज, उद्धार र राहतका लागि गरेको शीघ्र सहयोगप्रति परराष्ट्रमन्त्री खनालले कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले राजदूत श्रीवास्तवको आगामी कार्यकाल तथा भावी प्रयासका लागि शुभकामना व्यक्त गर्नुभयो ।

भेटका क्रममा भारतीय राजदूत श्रीवास्तवले आफ्नो कार्यकालमा नेपाल सरकारबाट प्राप्त सहयोग र सहकार्यप्रति गहिरो प्रशंसा व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा नेपाल-भारत सम्बन्ध अझ प्रगाढ र समृद्ध हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । रासस

जनकपुर टुडे



# इयु प्रमुखद्वारा क्यानडालाई 'सहयोगी सदस्य' बनाउन प्रस्ताव

एएफपी । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले क्यानडालाई युरोपेली सङ्घ (इयु)को पहिलो 'सहयोगी सदस्य' बनाउने सम्भावना अघि सार्दै प्रविधि, रक्षा र ऊर्जालगायत क्षेत्रमा ओटावासँग थप घनिष्ठ सहकार्यको प्रस्ताव गर्नुभएको छ ।

भोन डेर लेयनले बुधबार स्ट्रासबर्गमा युरोपेली संसदलाई सम्बोधन गर्दै अन्तरराष्ट्रिय नियममा आधारित व्यवस्थामा देखिएको भङ्गकाबीच लोकतान्त्रिक मुलुकले ब्रसेल्स र ओटावाबीचको सम्बन्ध थप सुदृढ बनाउनुपर्ने बताउनुभयो ।

"म क्यानडालाई इयुको पहिलो सहयोगी सदस्य बन्ने ढोका खोल्न तपाईंसँग काम गर्न चाहन्छु," उहाँले क्यानडाका प्रधानमन्त्री मार्क कार्नीलाई सम्बोधन गर्दै भन्नुभयो । कार्नी उहाँको वार्षिक 'स्टेट अफ द युनियन' सम्बोधनका क्रममा संसदमा उपस्थित हुनुहुन्थ्यो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिकासँगको सम्बन्धमा तनाव बढिरहेका बेला कार्नीले इयुसँगको सम्बन्धलाई थप नजिक बनाउँदै आउनुभएको छ । कार्नी इयुको वार्षिक 'स्टेट अफ द युनियन' सम्बोधनमा सहभागी हुने पहिलो विदेशी सरकार प्रमुखसमेत बन्नुभएको छ ।

अर्को महिना मोन्ट्रियलमा हुने इयु-क्यानडा शिखर सम्मेलनअघि कार्नीको

युरोप भ्रमणलाई दुई पक्षबीचको सम्बन्ध थप विस्तार गर्ने महत्वपूर्ण पहलका रूपमा हेरिएको छ ।

भोन डेर लेयनले व्यापारमा केन्द्रित सहकार्यलाई फराकिलो बनाएर भविष्यका लागि गठबन्धन निर्माण गर्ने र क्यानडासँगको सम्बन्धलाई सम्भव भएसम्म उच्चतमस्तरमा पुऱ्याउने समय आएको बताउनुभयो ।

"हामी स्मार्ट उत्पादनमा काम गर्नेछौं । हामी प्राविधिक गठबन्धन निर्माण गर्नेछौं । हामी रक्षा औद्योगिक आधारलाई एकीकृत गर्नेछौं," उहाँले भन्नुभयो ।

लेयनले आर्कटिक क्षेत्रलाई पनि इयु र क्यानडाबीचको प्रमुख संयुक्त परियोजना बनाउनुपर्ने बताउनुभयो ।

उहाँले ऊर्जा, महत्वपूर्ण खनिज, ब्याट्री, कृत्रिम बौद्धिकता (एआई), साइबर सुरक्षा तथा आर्थिक सुरक्षालाई पनि सहकार्यका प्राथमिक क्षेत्रका रूपमा उल्लेख गर्नुभयो ।"यो साझेदारी अरू कसैको विरुद्धमा होइन, हाम्रो साझा सुदृढीकरणका लागि हो," उहाँले भन्नुभयो ।

इयुका सन्धिमा 'सहयोगी सदस्य'को दर्जाको औपचारिक व्यवस्था छैन । यद्यपि, जर्मन चान्सलर फ्रेडरिक मर्जले यसै वर्ष युक्रेनका लागि पहिलोपटक यस्तो अवधारणा अघि सार्नुभएको थियो ।

पूर्ण सदस्यताका लागि प्रयासरत युक्रेनमा भने उक्त योजनाप्रति चिसो प्रतिक्रिया देखिएको थियो । प्रस्तावित व्यवस्थाअन्तर्गत युक्रेनलाई इयुका शिखर सम्मेलनमा सहभागी हुन र युरोपेली आयोगमा प्रतिनिधि राख्न अनुमति दिने तथा पूर्ण मतदान अधिकारबिनै इयुको बजेटको केही हिस्साबाट लाभ लिन सक्ने व्यवस्था रहने परिकल्पना गरिएको थियो ।

अमेरिकी भन्सार महसुल तथा चीनबाट बढ्दो प्रतिस्पर्धाको सामना गरिरहेका इयु र क्यानडाबीच यसअघि नै व्यापार तथा अन्य क्षेत्रमा सहकार्य हुँदै आएको छ ।

सन् २०१६ मा हस्ताक्षर भएको व्यापक आर्थिक तथा व्यापार सम्झौताले दुई पक्षबीचका अधिकांश वस्तुमा भन्सार महसुल हटाएको छ । उक्त सम्झौतापछि वस्तु तथा सेवाको व्यापारमा ८० प्रतिशतभन्दा बढी वृद्धि भएको बताइएको छ ।

यसै वर्ष क्यानडा इयुको रक्षा क्षेत्रमा ऋण उपलब्ध गराउने प्रमुख कार्यक्रममा सहभागी हुने पहिलो गैर-इयु मुलुक बनेको छ ।

"हाम्रो विश्वास छ, शक्ति सबैभन्दा शक्तिशाली, धनी वा सबैभन्दा ठूलो स्वरमा बोल्नेको हातमा मात्र हुँदैन, यो हामी सबैको हो," भोन डेर लेयनले भन्नुभयो ।"लोकतान्त्रमा कुन मुलुसँग सहकार्य गर्ने भन्ने छनोट गर्ने स्वतन्त्रता हुन्छ । त्यसैले हामी स्वेच्छाले एकजुट हुँदैछौं," उहाँले थप्नुभयो ।

# एसियन गेम्स महिला भलिबलको पहिलो खेलमै जापानसँग भिड्दै

**टुडे समाचारदाता**

काठमाण्डु । २०औं एसियन गेम्सको उद्घाटन यही सेप्टेम्बर १९ अर्थात असोज ३ गते जापानको नागोयास्थित मिजुहो पार्क एथ्लेटिक स्टेडियममा हुने भएपनि विभिन्न खेलको प्रतिस्पर्धाहरू भने शुरु भएको छ ।

उद्घाटन अघि नै बास्केटबल र फुटबलको खेलहरू सुरु भइसकेका छन् भने १६ सेप्टेम्बरदेखि भलिबल (महिला) खेल पनि शुरु भएको छ ।

सेप्टेम्बर १० देखि बास्केटबलको खेलहरू सुरु भएको थियो भने सेप्टेम्बर १४ देखि महिला फुटबल शुरु भएको छ । यस्तै आजदेखि महिला भलिबलसँगै मोडर्न पेन्टाथलन पनि शुरु भएको छ ।

नेपालबाट यस पटक एसियन गेम्समा विभिन्न २१ खेल सहभागी हुँदा भलिबलमा महिला टोली मात्र सहभागी भएको छ ।

समूह ए मा रहेको नेपाली महिला भलिबल टोलीले पहिलो खेलमै बलियो टोली आयोजक जापानको सामना गर्नेछ । यस्तै समूहको दोस्रो खेल सेप्टेम्बर १७ मा इन्डोनेसियासँग खेल्नेछ ।

यस पटक एसियन गेम्समा उत्कृष्ट टोलीहरू मात्र छनोट भएका छन् । नेपालसहित एसियाका उत्कृष्ट १४ टोलीले एसियन गेम्समा प्रतिस्पर्धा गर्नेछन् ।

एफआईभीबी विश्व वरियतामा महिलातर्फ जापान छैटौं स्थानमा छ भने इन्डोनेसिया ५३औं र नेपाल ६९औं स्थानमा छ । एसियामा भने जापान पहिलो इन्डोनेसिया नवौं र नेपाल ११औं स्थानमा छ ।

नेपालको महिला भलिबल टोलील लगातार दोस्रो पटक एसियन गेम्समा प्रतिस्पर्धा गर्न लागेको हो । यसअघि सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा नेपालको महिला र पुरुष दुवै टोलीको सहभागिता थियो । त्यस बेला नेपालको महिला टोली ११औं भएको थियो ।

एसियाकै ठूलो खेलकुद मेलामा नेपाली भलिबलका लागि यो ठूला टिमसँग खेल्ने र एक्सपोजर लिने राम्रो अवसर हुनेछ । साथै यस पटक नेपालले १९औं एसियन गेम्स भन्दा राम्रो नतिजा ल्याउँदै वरियतामा सुधार गर्ने लक्ष्य राखेको छ । निरुता ठगुन्नाको कप्तानीमा रहेको १२ सदस्यीय नेपाली महिला टोली जापानको नागोया पुगिसकेका छन् । टोलीले मुख्य खेलअघि त्यहाँ प्रशिक्षण समेत गरेको छ ।

एसियाको मात्र नभएर विश्वकप भलिबलमा समेत बलियो टोलीको रुपमा रहेको आयोजक जापानसँग खेल्दै नेपाली महिला टोलीले २० औं एसियन गेम्सको यात्रा सुरु गर्नेछ ।

२०औं एसियन गेम्समा सहभागी खेलमध्ये नेपालबाट प्रतिस्पर्धा गर्ने पहिलो खेल नै भलिबल हुनेछ । फरक स्थान र माहोलमा पहिलो खेलमै बलियो टोलीसँग प्रतिस्पर्धा गर्न केही कठिन हुनेछ ।

तर नेपाली टोलीले जापान जानुअघि काठमाडौंमा लामो समयदेखि तयारी गरिरहेको छ । जसले गर्दा यस पटक एसियन गेम्समा महिला टोलीले राम्रो प्रदर्शन गर्ने मुख्य प्रशिक्षक जगदिश भट्टको विश्वास छ ।

'एसियन गेम्स हाम्रो लागि मिनी ओलम्पिक जस्तै हो । लामो समयदेखि प्रशिक्षण भइरहेको छ । यद्यपी पछिल्लो एसियन गेम्स खेलेका ९ खेलाडी अहिले छैनन्, भट्टले जापन जानुअघि भनेका थिए, 'विगतमा भन्दा राम्रो प्रदर्शन गर्दै नतिजा राम्रो ल्याउने र आउँदै गरेको १४औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जित्ने लक्ष्य छ ।'

तीन वर्षअघि हान्झाउमा १९औं एसियन गेम्स खेलेका कप्तान अरुणा शाही सहित ९ खेलाडी टिममा फेरिएका छन् । त्यसबेला खेलेका निरुता ठगुन्ना, उषा भण्डारी र सलिना श्रेष्ठ मात्र हाल २०औं एसियन गेम्स खेल्ने टोलीमा छन् । निरुता टोलीको कप्तान नै छिन् भने उनीसहित उषा र सलिना टिमको सिनियर खेलाडीको रूपमा छन् ।

अन्य खेलाडीहरूले पनि काभा महिला भलिबलको विभिन्न प्रतियोगिताहरू खेलेको अनुभव छ तर एसियन गेम्समा भने उनीहरूको लागि यो पहिलो सहभागिता हुनेछ ।

पुरानो र नयाँ खेलाडीहरूको मिश्रणले राम्रो नतिजा ल्याउने प्रशिक्षक भट्टले बताए । '१९औं एसियन गेम्स खेलेको ३ खेलाडी मात्र छ । पुरानो भन्दा राम्रो छ टिम । तर अनुभवले म्याटर गर्छ कि जस्तो लाग्छ । तर हामीले जुन तरिकाले मोटिभेट गरेका छौं त्यसबाट राम्रो हुने अपेक्षा छ ।'

प्रशिक्षक भट्टले विगतमा भन्दा राम्रो नतिजा ल्याउने लक्ष्यका साथ तयारी गरिरहेको बताए । साथै एसियन गेम्समा राम्रो गर्न सके नेपाली भलिबलको आउने दिनका लागि पनि फाइदा पुग्ने बताए । 'खेलाडीले राम्रो प्रदर्शन गर्छन र विगतमा भन्दा राम्रो नतिजा आउँछ भन्ने आशा छ । अहिले राम्रो नतिजा ल्यायो भने भोलि नेपाली भलिबलले राम्रो फड्को मार्न सक्छ ।'

यस्तै कप्तान निरुता ठगुन्नाले पनि लामो समयको तयारीले टिममा सुधार आइरहेको र टिम कम्बिनेसन राम्रो बनेको बताएकी छन् ।

'लामो समयको तयारी छ । पहिला भन्दा अहिले सुधार भाछ । सिनियर जुनियर खेलाडीको कम्बिनेसन मिलिराको छ । पहिला नयाँ खेलाडीहरू हुँदा अली गाह्रो भइराथ्यो । अहिले लामो समय ट्रेनिङ गर्दा सहज भाछ' जापन जानुअघि निरुताले भनेकी थिइन् ।'

प्रशिक्षक भट्टले भनेजस्तै कप्तान निरुताले पनि ठूला प्रतियोगिताअघि फ्रेण्ड्ली म्याच खेल्न पाएको भए अझ राम्रो हुन सक्ने बताइन् ।

नेपाली महिला भलिबल टोलीले मिसन २०२६ अन्तर्गत रहेर निरन्तर प्रशिक्षण गरिरहेपनि यसबीचमा अन्तर्राष्ट्रिय एक्सपोजर भने धेरै लिन पाएन । घरेलु कोर्टमै भएको काभा महिला भलिबल च्याम्पियनसिपमा इरान र भारतसँग खेल्नु नै नेपालको लागि सबैभन्दा ठूलो एक्सपोजर रह्यो ।

यद्यपी २०औं एसियन गेम्समा पहिलो खेलमै जापानसँग खेल्न लागेको महिला टोलीले दोस्रो खेलमा भने इन्डोनेसिया विरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै जित हात पार्ने लक्ष्य राखेको छ ।

नेपालले कम्तीमा इन्डेनसियालाई पराजित गर्न सकेमा समूहको शीर्ष दुईमा रहेर क्वाटरफाइनल प्रवेश गर्नेछ । यसो हुन सके नेपालको वरियता शीर्ष ८ भित्र पर्नेछ र अझ बलिया टिमहरूसँग थप खेल खेल्ने अवसर पाउनेछ ।

यदि समूहको दुवै खेलमा पराजित भएमा भने नेपालले नवौं देखि १४औं स्थानसम्मका लागि क्लासिफिकेसन म्याच खेल्नुपर्ने हुन्छ ।

# इरान नाकाबन्दीमा १०३ व्यापारिक जहाजको मार्ग परिवर्तन

एएफपी । इरानविरुद्धको नाकाबन्दीअन्तर्गत हर्मुज जलघाँटीमा व्यापारिक गतिविधिमाथि लगाइएको प्रतिबन्ध कार्यान्वयन गराउन अमेरिकी सेनाले सेप्टेम्बर १५ सम्म १०३ वटा व्यापारिक जहाजको मार्ग परिवर्तन गराएको अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले जनाएको छ ।

सेन्टकमका अनुसार नाकाबन्दीको पालना सुनिश्चित गर्न ती जहाजलाई हर्मुज जलघाँटीबाट अन्य मार्गतर्फ पठाइएको हो । सेन्टकमले अरब सागरमा अमेरिकी नौसेनाको 'युएसएस राफेल पेराल्टा' बाट उडान गरिरहेको एमएच-६० सी हक हेलिकप्टरको भिडियोसमेत सार्वजनिक गरेको छ ।

इरानसँगको युद्धले अमेरिकी रक्षा खर्चमा समेत ठूलो दबाब पारेको छ । अमेरिकी कङ्ग्रेसअन्तर्गतको स्वतन्त्र निकाय कङ्ग्रेसनल बजेट अफिस (सीबीओ) का अनुसार सन् २०२६ अगस्ट १ सम्म इरानविरुद्धको सैन्य कारबाहीमा अमेरिकी रक्षा विभागले करिब ३८ अर्ब अमेरिकी डलर खर्च गरेको छ । युद्धको तीव्रता जुलाईकै स्तरमा कायम रहे मासिक खर्च करिब तीन अर्ब डलर पुग सक्ने सीबीओले जनाएको छ ।

यसैबीच, अमेरिका, इजरायल र सात अरब राष्ट्रका उच्चपदस्थ सैन्य अधिकारीहरूले गत साता जर्मनीमा इरान युद्ध र मध्यपूर्वको सुरक्षा अवस्थाबारे गोप्य बैठक गरेका थिए ।

# सामाजिक सञ्जालमा बालबालिकाको पहुँच रोक्ने तयारीमा ईयू

एएफपी । बालबालिकालाई सामाजिक सञ्जालका लत लाग्ने तथा हानिकारक डिजिटल फिचरबाट जोगाउन युरोपेली संघ (ईयू) ले नयाँ नियम प्रस्ताव गर्ने तयारी गरेको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले बुधबार युरोपेली संसद्मा बालबालिकाको अनलाइन सुरक्षासम्बन्धी प्रस्ताव अघि बढाउने तयारी गर्नुभएको छ ।

प्रस्तावित 'ईयू किड्स एक्ट' अन्तर्गत १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई आफ्नै नाममा सामाजिक सञ्जाल, भिडियो सेयरिङ प्लेटफर्म, एआई च्याटबोट तथा केही अनलाइन सेवामा स्वतन्त्र खाता खोल्न प्रतिबन्ध लगाउने योजना अघि सारिएको छ । प्रस्तावको अन्तिम स्वरूप भने ईयूका सदस्य राष्ट्र र युरोपेली संसद्बीचको छलफलपछि तय हुनेछ ।

प्रस्तावअनुसार उमेरअनुसार सामाजिक सञ्जालको पहुँच क्रमशः खुला गर्ने व्यवस्था हुन सक्छ । १३ र १४ वर्ष उमेर समूहका बालबालिकालाई अभिभावकीय नियन्त्रणमा सीमित पहुँच दिने तथा १५ वर्ष पुगेपछि आफ्नै खाता प्रयोग गर्न दिने प्रारम्भिक व्यवस्था प्रस्तावमा समेटिएको रिपोर्टमा उल्लेख छ ।

यससँगै सामाजिक

सञ्जाल कम्पनीहरूलाई प्रयोगकर्ताको उमेर प्रमाणीकरण गर्नुपर्ने तथा बालबालिकाका लागि सुरक्षित पूर्वनिर्धारित सेटिङ राख्नुपर्ने व्यवस्था पनि प्रस्तावित छ । अपरिचित व्यक्तिसँगको सम्पर्क सीमित गर्ने, हानिकारक सामग्री रिपोर्ट गर्ने सुविधा उपलब्ध गराउने र बालबालिकालाई लक्षित लत लाग्ने डिजाइन हटाउनेजस्ता उपायमा पनि जोड दिइएको छ ।

विशेषगरी अनन्तसम्म स्क्रोल गर्न मिल्ने फिड, अत्यधिक सूचना पठाउने प्रणाली तथा प्रयोगकर्तालाई लामो समय प्लेटफर्ममा राखिराख्ने डिजाइनजस्ता फिचरलाई नियमन गर्ने विषय प्रस्तावको महत्वपूर्ण हिस्सा बन्ने देखिएको छ । युरोपेली आयोगले यसअघि नै बालबालिकाका लागि डिजिटल प्लेटफर्महरू सुरक्षित बनाउन उमेरअनुसारको पहुँच र 'सेफ्टी-बाइ-डिजाइन' उपाय आवश्यक रहेको बताउँदै आएको छ ।

**विश्वभर बढ्दै प्रतिबन्ध**

बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध वा कडाइ गर्ने बहस पछिल्ला वर्षमा विश्वभर तीव्र बनेको छ । अस्ट्रेलियाले सन् २०२५ को डिसेम्बरदेखि १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा व्यापक प्रतिबन्ध लागू गरेको थियो । बेलायतलगायत अन्य देशहरूले पनि नाबालिगको सामाजिक सञ्जाल पहुँच सीमित गर्ने योजना अघि बढाएका छन् ।

ईयूका सदस्य राष्ट्रहरूभित्र पनि छुट्टाछुट्टै पहल भइरहेका छन् । फ्रान्सले १५ वर्षमुनिका बालबालिकाको सामाजिक सञ्जाल प्रयोग रोक्ने कानुनी व्यवस्था अघि बढाएको छ भने ग्रीसले १५ वर्षमुनिका लागि प्रतिबन्ध लागू गर्ने योजना बनाएको छ । जर्मनी, अस्ट्रिया, स्लोभेनिया र अन्य देशहरूमा पनि उमेर सीमा निर्धारण तथा अभिभावकीय नियन्त्रणसम्बन्धी प्रस्तावमाथि छलफल भइरहेको छ ।

युरोपेली आयोगको साझा नियमको उद्देश्य सदस्य राष्ट्रहरूमा फरक-फरकव्यवस्थाबन्नेअवस्थालाई केही हदसम्म एकरूप बनाउनु पनि रहेको छ । आयोगले बालबालिकाको उमेरअनुसार डिजिटल सेवामा पहुँच निर्धारण गर्ने र प्लेटफर्महरूलाई बालमैत्री वातावरण निर्माण गर्न थप जिम्मेवार बनाउने दिशामा काम गरिरहेको छ ।

तर प्रस्तावित व्यवस्थामाथि बहस पनि जारी छ । केही बालअधिकार तथा डिजिटल अधिकारसम्बन्धी समूहहरूले बालबालिकालाई मात्र प्लेटफर्मबाट टाढा राख्नुको सट्टा प्रविधि कम्पनीहरूलाई आफ्ना सेवा सुरक्षित बनाउन बाध्य पार्नुपर्ने बताएका छन् । उनीहरूले उमेरमा आधारित पूर्ण प्रतिबन्धले बालबालिकाको अभिव्यक्ति स्वतन्त्रता र डिजिटल पहुँचमा समेत असर पार्न सक्ने चिन्ता व्यक्त गरेका छन् ।

ईयूको प्रस्ताव तत्काल लागू हुने कानुन भने होइन । युरोपेली आयोगले प्रस्ताव औपचारिक रूपमा अघि बढाएपछि त्यसलाई युरोपेली संसद् र सदस्य राष्ट्रहरूले छलफल तथा अनुमोदन गर्नुपर्नेछ । त्यसपछि मात्र अन्तिम कानुनी व्यवस्था लागू हुने प्रक्रिया अघि बढ्नेछ ।

# श्रीलंकाको अर्थतन्त्रमा सुधार, दोस्रो त्रैमासिकमा ४.२ प्रतिशत वृद्धि

एएफपी । श्रीलंकाको अर्थतन्त्र सन् २०२६ को दोस्रो त्रैमासिकमा वार्षिक आधारमा ४.२ प्रतिशतले वृद्धि भएको छ । उद्योग क्षेत्रमा देखिएको बलियो गतिविधिले समग्र आर्थिक वृद्धिलाई टेवा दिएको भए पनि कृषि क्षेत्र भने संकुचित भएको श्रीलंकाको जनगणना तथा तथ्यांक विभागले सार्वजनिक गरेको आधिकारिक तथ्यांकमा उल्लेख छ ।

चालू मूल्यमा श्रीलंकाको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ११.३ प्रतिशतले बढेर ८.२५ ट्रिलियन श्रीलंकाली रुपैयाँ पुगेको छ । सन् २०२५ को सोही अवधिमा जीडीपी ७.४१ ट्रिलियन रुपैयाँ रहेको थियो । अमेरिकी डलरमा दोस्रो त्रैमासिकको जीडीपी करिब २५.०९ अर्ब डलर बराबर रहेको छ ।

तीन प्रमुख आर्थिक क्षेत्रमध्ये उद्योग क्षेत्रमा सबैभन्दा बढी वृद्धि देखिएको छ । उद्योग क्षेत्र सन् २०२६ को दोस्रो त्रैमासिकमा ७.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो क्षेत्र ५.७ प्रतिशतले वृद्धि भएको थियो ।

उद्योगअन्तर्गत निर्माण क्षेत्र १३.९ प्रतिशतले विस्तार भएको छ भने खानी तथा

उत्खनन क्षेत्र १७.४ प्रतिशतले बढेको छ । उत्पादनमूलक क्षेत्रमा पनि ३.२ प्रतिशतको वृद्धि भएको छ । काठजन्य सामग्री, गैर-धातु खनिज उत्पादन, फर्निचर, मेसिनरी तथा उपकरण र धातुजन्य उत्पादनमा भएको वृद्धि उत्पादन क्षेत्रमा देखिएको समग्र विस्तारको प्रमुख आधार बनेका छन् ।

सेवा क्षेत्र भने २.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको दोस्रो त्रैमासिकमा सेवा क्षेत्र ४ प्रतिशतले विस्तार भएको थियो। सूचना प्रविधिसम्बन्धी प्रोग्रामिङ तथा अन्य गतिविधि १० प्रतिशतले बढेका छन् । बीमा तथा पेन्सनसम्बन्धी गतिविधि ८ प्रतिशत र वित्तीय सेवा ७.७ प्रतिशतले वृद्धि भएका छन् । दूरसञ्चार क्षेत्रमा ४.८ प्रतिशत तथा आवास, खाद्य तथा पेय पदार्थसम्बन्धी सेवामा २.९ प्रतिशत वृद्धि भएको छ ।

यस अवधिमा कृषि क्षेत्र भने २.३ प्रतिशतले संकुचित भएको छ । सन् २०२५ को दोस्रो त्रैमासिकमा कृषि क्षेत्र २.५ प्रतिशतले बढेको थियो । यस वर्षको गिरावट ताजा पानीमा गरिने माछा मार्ने तथा जलकृषि, धान खेती, उखु तथा सुर्ती उत्पादन, समुद्री माछा मार्ने तथा जलकृषि, रबर तथा चिया उत्पादनलगायतका गतिविधिमा आएको कमीका कारण भएको तथ्यांक विभागले जनाएको छ ।

चालू मूल्यका आधारमा श्रीलंकाको कुल जीडीपीमा सेवा क्षेत्रको योगदान ५२.७ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको हिस्सा २५.९ प्रतिशत तथा कृषि क्षेत्रको हिस्सा ८.४ प्रतिशत रहेको छ ।

तथ्यांक विभागका अनुसार दोस्रो त्रैमासिकमा मध्यपूर्वमा बढ्दो तनावसँग जोडिएको अनिश्चितता, कच्चा तेलको आपूर्तिसम्बन्धी चिन्ता तथा पर्यटन क्षेत्रमा देखिएको कमजोर प्रदर्शनले अर्थतन्त्रमा प्रभाव पारेको थियो ।

यद्यपि, आयातमा भएको वृद्धिले औद्योगिक गतिविधिका लागि आवश्यक कच्चा पदार्थ तथा मेसिनरीको उपलब्धता सहज बनाएको विभागले जनाएको छ । यसले आयातसँग सम्बन्धित कर राजस्वमा समेत वृद्धि गर्न योगदान पुऱ्याएको थियो ।

# अर्जेन्टिनाबाट मेस्सीले अन्तिम खेल खेल्ने

**टुडे समाचारदाता**

काठमाण्डु । अर्जेन्टिनाले अक्टोबरमा बेनिनविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि लियोनल मेस्सीलाई टोलीमा समावेश गरिएको छ । सो खेल मेस्सीको अर्जेन्टिनाबाट अन्तर्राष्ट्रिय फुटबलमा अन्तिम खेल हुने बताइएको छ ।

३९ वर्षीय मेस्सीले सन् २०२६ को विश्वकप फाइनलमा स्पेनसँग अर्जेन्टिना पराजित भएपछि राष्ट्रिय टोलीबाट बिदा हुने घोषणा गरेका थिए । त्यसअघि आफ्ना पिता जर्जको निधनपछि उनले आफ्नो फुटबल भविष्यबारे पुनर्विचार गरिरहेको बताएका थिए ।

अर्जेन्टिनालाई २०२२ को विश्वकप जिताउँदा कप्तानी गरेका मेस्सीले राष्ट्रिय टोलीबाट अलग हुने निर्णय आफूलाई 'गहिरो रूपमा' पीडादायी भएको बताएका थिए । उनले अर्जेन्टिनाका लागि आफूले 'सबैथोक दिएको' र अब 'दिनका लागि केही बाँकी नरहेको' बताएका थिए ।

आठपटक बालोन डी'ओर जितिसकेका मेस्सी हाल इन्टर मियामीबाट व्यावसायिक फुटबल खेलिरहेका छन्। उनी अर्जेन्टिनाका सर्वाधिक गोलकर्ता र सर्वाधिक खेल खेल्ने खेलाडी छन् । उनले राष्ट्रिय टोलीबाट २ सय ७ खेलमा १ सय २५ गोल गरेका छन् ।

अर्जेन्टिना फुटबल संघका अध्यक्ष क्लाउडियो तापियाले मेस्सीलाई उनको योगदानअनुसार बिदाइ दिन

बेनिनविरुद्धको खेलमा निमन्त्रणा गरिएको बताए ।

'विश्वकै उत्कृष्ट खेलाडी, हाम्रो राष्ट्रिय टोलीका प्रतीक तथा कप्तान लियोनल आन्द्रेस मेस्सीलाई अक्टोबर ६ मा अर्जेन्टिनामै उनले पाउनुपर्ने बिदाइ दिन निमन्त्रणा गर्ने निर्णय गरेका छौं,' तापियाले भने ।

बेनिनविरुद्धको खेल ब्युनस आयर्समस्थित रिभर प्लेटको घरेलु मैदान स्टेडियो मोनुमेन्टलमा हुनेछ । ८५ हजार दर्शक क्षमताको उक्त मैदानमा हुने खेलमा २०२२ को विश्वकप जितेको अर्जेन्टिनाको टोलीका सदस्यलाई समेत निमन्त्रणा गरिएको छ ।

## विपद् प्रभावित किसानलाई राहत

दमौली ।: हावाहुरी, असिना पानी तथा विभिन्न रोगका कारण बालीमा क्षति व्यहोरेका तनहुँका किसानलाई कृषि विकास कार्यालयले राहत तथा पुनःस्थापनाका लागि रु आठ लाख ७८ हजार उपलब्ध गराएको छ ।

प्राकृतिक प्रकोप तथा रोगका कारण बालीमा क्षति पुगेका किसानलाई कार्यालयले क्षतिको मूल्याङ्न गरी राहत रकम वितरण गरेको हो ।

कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार जिल्लाका विभिन्न स्थानका १९३ हेक्टर क्षेत्रफलमा लगाइएको बालीमा क्षति पुगेको थियो । लागतका आधारमा गरिएको मूल्याङ्कनअनुसार ती बालीमा रु ३७ लाख १८ हजार ३०० बराबरको क्षति भएको थियो ।

किसानले व्यहोरेको सम्पूर्ण क्षति पूर्ति गर्न नसकिए पनि केही राहत मिलोस् र आगामी खेतीका लागि पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्य राखिएको उहाँले बताउनुभयो ।

तनहुँमा चैते धानमा सबैभन्दा बढी असर परेको कार्यालयको तथ्याङ्कले देखाएको छ । चैते धानमा मरुवा रोग तथा असिना पानीका कारण ठूलो क्षति पुगेको हो । अधिकारीका अनुसार १७२ हेक्टर क्षेत्रफलमा लगाइएको चैते धानमा रु १२ लाख २३ हजार ६०० बराबरको क्षति भएको थियो । त्यसबापत किसानलाई रु तीन लाख पाँच हजार ९०० राहत उपलब्ध गराइएको छ ।

चैते धानसँगै तनहुँको प्रमुख नगदेबालीका रूपमा रहेको सुन्तला खेतीमा पनि हावाहुरी र असिना पानीले ठूलो क्षति पुऱ्याएको छ । कार्यालयका अनुसार नौ दशमलव तीन हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तला खेतीमा रु १८ लाख ७७ हजार बराबरको क्षति भएको थियो । उक्त क्षतिबापत किसानलाई रु चार लाख ६९ हजार राहत प्रदान गरिएको छ । रासस

# लालबहादुरको सिको गर्दै गाउँभरि व्यावसायिक तरकारी खेती

बाजुरा । बाजुराको बडीमालिका नगरपालिका-८ गडखेतका लालबहादुर ऐडीले तरकारी खेती गर्न थालेको दशक पुग्न लाग्यो । सुरुमा सामान्य परम्परागत खेती गर्दै आउनुभएका ऐडीले व्यावसायिक रूपमा तरकारी खेती सुरु गरेपछि हाल उहाँको दैनिकी बारीको हेरचाह, उत्पादन र बिक्रीमा बित्ने गरेको छ ।

सदरमुकाम मार्तडी नजिकै गडखेतका लालबहादुर हरेक दिन बिहानदेखि साँझसम्म तरकारी बारीमै व्यस्त हुनुहुन्छ । उहाँले हाल करिब १२ रोपनी क्षेत्रफलमा विभिन्न प्रजातिका तरकारी उत्पादन गर्दै आउनुभएको छ ।

"सुरुमा तरकारी खेतीबाट राम्रो आम्दानी हुन्छ भन्ने विश्वास कम थियो । गाउँघरमा परम्परागत रूपमा अन्नबाली लगाउने चलन रहेकाले व्यावसायिक खेतीतर्फ किसानको खासै आकर्षण थिएन," उहाँले भन्नुभयो, "अहिले भने आफूले उत्पादन गरेको तरकारीबाट आम्दानी हुन थालेपछि अन्य किसान पनि यसतर्फ आकर्षित भएका छन् ।"

### सहरबाट फर्किएर गाउँमै उद्यम

लालबहादुर विसं २०७५ मा बाजुराबाट सङ्घीय राजधानी काठमाडौँ जानुभयो । नेपाली सेनामा कार्यरत उहाँकी साली पुनम रावलले तरकारी खेती गर्न काठमाडौँ आउन आग्रह गरेपछि लालबहादुरले पाँच वर्ष त्यतै व्यावसायिक तरकारी खेती गर्नुभयो ।

"तीन रोपनी क्षेत्रफलमा १५ वटा टनेलमा तरकारी खेती गरिरहेको थिए । त्यहाँ बजारको कुनै समस्या थिएन, बारीमै बिक्री हुन्थ्यो । त्यो बेचेर वार्षिक सात लाखभन्दा बढी आम्दानी हुन्थ्यो । दुईवटा गाई थिए, दिनमा ३५ लिटर दूध बेच्थ्यौं, राम्रो थियो," ऐडीले भन्नुभयो ।

काठमाडौँमा सेवासुविधा र बजारको सहजता भए पनि आफ्नै गाउँमा केही गर्नुपर्छ भन्ने सोचले उहाँ पुनः गाउँ फर्किनुभयो । गाउँ फर्किएपछि व्यावसायिक खेती गर्ने सोचका साथ उहाँले हिमाल बहुउद्देश्यीय कृषि फार्म दर्ता गर्नुभयो । केही आफ्नै जग्गा र केही भाडामा लिएर उहाँले गोलभेँडा, लौका, काँक्रो, प्याज, काउली, बोडीलगायत विभिन्न किसिमका तरकारी लगाउनुभएको छ ।

### वार्षिक १५ लाखको तरकारी बिक्री

व्यावसायिक खेतीमा जम्नुभएका लालबहादुरको बारीबाट वार्षिक रु १५ लाख बराबरको तरकारी बिक्री हुने गरेको छ । उत्पादित तरकारी सदरमुकाम मार्तडी, बाम्का लगायतका बजारमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । उत्पादन भएको तरकारी घरमै आएर खरिद गर्ने व्यापारीदेखि स्थानीय बजारसम्म पुग्ने गरेको उहाँको भनाइ छ ।

उहाँको बारीमा सबैभन्दा बढी गोलभेँडा छ । दैनिक ५० किलोसम्म बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ । सबै तरकारी बिक्रीबाट वार्षिक रूपमा रु आठ लाख बचत हुने गरेको उहाँले सुनाउनुभयो ।

परम्परागत रूपमा अन्नबाली उत्पादन गर्दै आउनुभएका ऐडीले त्यसबाट हुने आम्दानीको तुलनामा तरकारी खेतीबाट राम्रो आम्दानी भएको बताउनुभयो । थोरै क्षेत्रफलमा मेहनत र लगानी गर्न सके तरकारीबाट छोटो समयमै आम्दानी लिन सकिनेमा उहाँ दुक्क देखिनुहुन्छ ।

मेहनतअनुसार आम्दानी हुने भएकाले आफूलाई यो काममा सन्तुष्टि मिलेको उहाँको भनाइ छ । "यसमा काम धेरै छ, तर मेहनत गरेअनुसार आम्दानी पनि हुन्छ," उहाँ भन्नुहुन्छ, "आफ्नै जमिनमा परिवारका सदस्य मिलेर काम गर्न सकिने भएकाले बाहिर गएर रोजगारी खोज्नुपर्ने वाध्यता हुँदैन ।"

### गाउँभरि फैलियो तरकारी खेती

गडखेतमा ३५ परिवार बसोबास गर्दै आएका छन् । तीमध्ये हाल २५ परिवार व्यावसायिक तरकारी खेतीमा लागेका छन् । उनीहरूको मुख्य आम्दानीको स्रोत नै तरकारी बन्न थालेको छ ।

ऐडीले शुरु गरेको व्यावसायिक खेती अहिले उहाँको व्यक्तिगत व्यवसायमा मात्रै सीमित छैन । उहाँको सफलताबाट प्रभावित भएर गाउँका अन्य किसानले पनि त्यसलाई अनुसरण गरेका छन् । यसले गाउँमा तरकारी उत्पादनको क्षेत्र विस्तार हुनाका साथै किसानको आयआर्जनको स्रोत बढाएको छ । लालबहादुर काठमाडौँबाट गाउँ फर्किएर व्यावसायिक तरकारी खेती गर्ने गाउँकै पहिलो व्यक्ति हुनुहुन्थ्यो । निर्वाहमुखी रूपमा सबैले उत्पादन गरे पनि व्यावसायिक रूपमा खेती गर्ने कोही थिएनन् । जब लालबहादुरले व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न थाल्नुभयो, त्यसपछि गाउँका धेरैजसो बारीमा टनेल देखिन थालेका छन् । "सुरुमा मैले मात्रै तरकारी खेती गरेको थिएँ," ऐडीले भन्नुभयो, "तरकारी बिक्री गरेर राम्रो आम्दानी हुन थालेपछि गाउँका अरू किसानले पनि यसबाट राम्रो आम्दानी हुने रहेछ भन्ने ठानेर सुरु गर्नुभयो । यो मेरा लागि गौरवको विषय हो ।"

एक जनाबाट सुरु भएको व्यावसायिक खेती विस्तार हुँदै गएपछि अहिले गाउँको पहिचान नै बदलिएको छ । खेतबारीमा देखिने टनेल, दैनिक बजार जाने तरकारीका भारी र त्यसबाट भइरहेको आम्दानीले गडखेतलाई तरकारीको पकेट क्षेत्रका रूपमा चिनाउँदै लगेको छ ।

"मेरो दैनिक तीन भारीसम्म हुन्छ, अरूले एक-दुई भारी बजार पठाएकै हुन्छन्," लालबहादुरले भन्नुभयो, "गाउँका सबै खुसी छन् । सीप सिकेर खान पायौँ, बिक्री गर्न पायौँ भनेर धन्यवाद दिइरहेका छन् ।" गाउँका किसानलाई तरकारी खेतीतर्फ आकर्षित गर्न ऐडीले आफ्नो अनुभव पनि बाँड्दै आउनुभएको छ । कुन समयमा कुन तरकारी लगाउने, कसरी खेत तयार गर्ने, उत्पादन बढाउन के कुरामा ध्यान दिने लगायतका विषयमा आफूले जानेका कुरा अरू किसानलाई बताउने गरेको उहाँ सुनाउनुहुन्छ ।

### रोजगारी र आम्दानीको आधार

तरकारी खेती लालबहादुरका लागि केवल आम्दानीको माध्यम मात्रै बनेको छैन, परिवारको रोजगारीको आधार बनेको छ । वर्षभरि खेतबारीमा काम गर्नुपर्ने भएकाले परिवारका सदस्यलाई कामको अवसर मिलेको छ ।

विदेश वा सहरमा रोजगारी खोज्नुभन्दा आफ्नै गाउँमा व्यावसायिक कृषि गर्न सके आम्दानीको राम्रो स्रोत बनाउन सकिने उहाँको बुझाइ छ । तरकारी खेतीबाट नियमित आम्दानी हुन थालेपछि कृषि पेसाप्रति उहाँको विश्वास बढेको छ । "आफ्नै गाउँमा बसेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने मेरो अनुभव हो," उहाँले भन्नुभयो, "तरकारी खेतीलाई व्यावसायिक रूपमा गर्न सक्ने हो भने परिवार पाल्न र आम्दानी गर्न समस्या हुँदैन ।"

आगामी दिनमा उत्पादन अझै बढाउने योजना रहेको उहाँले सुनाउनुभयो । बजारको मागअनुसार उत्पादन विस्तार गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्ने उहाँको सोच छ । उहाँलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको साथ मिलेको छ । कृषि ज्ञान केन्द्र, बडीमालिकाले अनुदानमा वार्षिक टनेल तथा बीउ उपलब्ध गराउँदै आएको छ ।

### 'तरकारीमा आत्मनिर्भर बन्ने बाटोमा छ बाजुरा'

कृषि ज्ञान केन्द्रका अनुसार बाजुरा अझै तरकारीमा आत्मनिर्भर हुन सकेको छैन । अन्य समयको तुलनामा बेमौसमी 'सिजन'मा बाहिरबाट जिल्लामा आयात हुने गरेको छ । मौसमी सिजनमा भने निर्यात हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रेमराज न्यौपानेले बताउनुभयो ।

"मुख्य गरी पुस-माघ चिसो महिनामा बाहिरबाट तरकारी भित्रिने गरेको छ," उहाँले भन्नुभयो, "अन्य समयमा भने निर्यात हुने गरेको छ । अब बिस्तारै बाजुरा तरकारीमा आत्मनिर्भर बन्दैछ ।" जिल्लाका नौवटै स्थानीय तहका विभिन्न स्थानमा व्यावसायिक खेती भएकाले विगतको तुलनामा आयात क्रमशः घट्दै गएको न्यौपानेले बताउनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ५० लाख ७२ हजार २६७ मेट्रिक टन तरकारी उत्पादन भएको थियो । गत आर्थिक वर्षको तथ्यांक संकलन भइरहेको जानकारी दिँदै उहाँले उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो । रासस

# सामाजिक सञ्जालले फेरिएको व्यापार शैली

म्याग्दी । म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीका कमला बानियाँ थापाले जलजला गाउँपालिका-३ पर्वत बेनीमा सञ्चालन गरेको ' थापा लोकल मार्ट'मा दुई वर्षअघि सम्म स्थानीय ग्राहक मात्रै आउँथे ।

म्याग्दी, मुस्ताङ र पर्वतका हिमाली तथा पहाडी क्षेत्रमा उत्पादन हुने विभिन्न रैथाने वस्तु पाइने थापाको पसलका सामान अहिले विदेशसम्म पुग्न थालेको छ । "सामाजिक सञ्जाल 'टिकटक' र 'फेसबुक'मा लाइभ बसेर सामान देखाउन थालेपछि ग्राहकको पहुँच बढेको मात्र छैन, कारोबार र आम्दानी पनि उल्लेख्य वृद्धि भएको छ," उहाँले भन्नुभयो, "यसअघि बेनी र मल्लाज क्षेत्रका सीमित ग्राहक आउँथे ।"

थापा जस्तै रातो च्याउ, टिमुर, सिलटिमुर, जिम्बु, सिमी, भट्ट, मह, भाँगो, दाल, बदाम र भिरमहलगायत म्याग्दीका स्थानीय उत्पादनको बिक्री गर्ने म्याग्दीका उद्यमीका लागि सामाजिक सञ्जाल सहयोगी बनेको छ ।

"फेसबुक र टिकटकमार्फत सामानको प्रचार गर्न थालेपछि बजार निकै फराकिलो भयो", सञ्चालक थापाले भन्नुभयो, "पहिला यहाँका स्थानीय उपभोक्तामै सीमित थियौँ । अहिले सामान भए ग्राहकको कमी छैन ।"

दश वर्ष म्याग्दीको गैरसरकारी संस्था र पाँच वर्ष सहकारीको प्रबन्धक भएर काम गरेकी थापाले विसं २०७७ मा आफ्नै घरमा सुरु गरेको व्यवसाय सञ्चालनका लागि ज्ञान, सीपको कमीले घाटा ब्यहोर्नु परेको सम्झनुहुन्छ ।

गण्डकी प्रदेश सरकार र जलजला गाउँपालिकाले सञ्चालन गरेको वृद्धिमुखी उद्यमशीलता कार्यक्रममा सहभागी भएपछि नयाँ अनुभव प्राप्त भयो । अध्ययन भ्रमण र तालिमका कारण व्यवसायको शैली परिवर्तन गरेपछि सफलता मिलेको थापाले सुनाउनुभयो ।

कृषक र उद्यमीबाट ल्याएको सामान उहाँले 'फेसबुक पेज' र 'टिकटक'मार्फत सार्वजनिक गर्नुहुन्छ । सामाजिक सञ्जालमा राखिएका उत्पादनका तस्बिर तथा भिडियो हेरेर सामान खरिद गर्न आउँछन् । उहाँका अनुसार बेलायत, अमेरिका र अष्ट्रेलियामा रहेका नेपालीले समेत सामाजिक सञ्जालमार्फत सामानको माग गर्न थालेका छन् ।

स्थानीय ग्राहक आफैँ पसलमा आएर सामान लैजाने गरेका छन् । देशका विभिन्न सहरमा कुरियरमार्फत सामान पठाउने गरिएको छ । विदेशमा रहेका ग्राहकका आफन्त पसलमा आएर सामान खरिद गर्ने गरेका छन् ।

सामाजिक सञ्जालकै कारण पसलसम्म आउने ग्राहकको सङ्ख्यासमेत बढेको थापाको अनुभव छ । "सामाजिक सञ्जालमा पसल र सामान देखेर गाडी लिएर पसल हेर्न आउने ग्राहक पनि हुनुहुन्छ", उहाँले भन्नुभयो ।

हाल थापा लोकल मार्टबाट वार्षिक रु ३५ देखि ४० लाखसम्मको कारोबार हुने गरेको छ । सबै खर्च कटाएर वार्षिक रु सात लाखसम्म बचत हुने गरेको थापा बताउनुहुन्छ ।

व्यवसायमा उहाँका श्रीमान् खुमबहादुर थापा र दुई छोराछोरीले सहयोग गर्दै आएका छन् । कामको चाप बढेका बेला स्थानीय मजदुरलाई समेत आंशिक रोजगारी दिने गरिएको छ ।

"पहिला बजार खोज्दै सामान बेच्नुपर्थ्यो, अहिले ग्राहकले नै सामान खोज्दै सम्पर्क गर्नुहुन्छ", थापाले भन्नुभयो, "सामाजिक सञ्जालले हाम्रो व्यवसायलाई नयाँ बजार दिएको छ ।" स्थानीय किसान तथा उत्पादकबाट सामान खरिद गर्ने भएकाले गाउँमा उत्पादन भएका वस्तुले बजार पाउने र उत्पादकले आफ्नो उत्पादनबाट आम्दानी गर्ने अवसर बढेको छ ।

स्थानीयस्तरमा उत्पादन हुने वस्तुलाई आकर्षक ढङ्गले प्रस्तुत गरेर सामाजिक सञ्जालमार्फत सम्भावित ग्राहकसम्म पुऱ्याउन सके साना उद्यमले पनि ठूलो बजार पाउन सक्ने थापाको अनुभव छ ।

"महिला आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ । त्यसका लागि आफ्नो सीप र क्षमतालाई निरन्तर परिमार्जन गर्दै उद्यमशीलतामा लाग्न आवश्यक छ", उहाँले भन्नुभयो, "इच्छाशक्ति, मेहनत र प्रविधिको सही प्रयोग गर्न सके गाउँमा राम्रो आम्दानी गर्न सकिन्छ ।"

व्यवसायलाई अझ व्यवस्थित बनाउँदै नेपालका अन्य ठाउँमा समेत विस्तार गर्ने थापाको योजना छ । सामाजिक सञ्जालको पहुँचलाई थप विस्तार गर्दै म्याग्दी, मुस्ताङ र पर्वतमा उत्पादन हुने थप रैथाने वस्तुलाई बजारमा ल्याउने उहाँको लक्ष्य छ ।

गाउँका उत्पादनलाई गाउँमै सीमित नराखी 'डिजिटल' माध्यमबाट देश-विदेशका उपभोक्तासम्म पुऱ्याउने थापाको प्रयासले सामाजिक सञ्जाल केवल मनोरञ्जनको माध्यम मात्र नभई स्थानीय उत्पादनको बजारीकरण र साना उद्यमको विस्तार गर्ने प्रभावकारी साधन बन्न सक्ने उदाहरण प्रस्तुत गरेको छ । रासस

## भूमि प्रशासन कार्यालय मौलापुर, रौतहट

## ३५ दिने सार्वजनिक सुचना

जिल्ला रौतहट सावित्र गा.वि.स. समनपुर वार्ड नं. ६ हाल गढीमाई न.पा. वडा नं.१ मा बस्ने राम ध्यान राय यादव रामज्ञान राय यादव, रामकल्याण राय यादव र नरेश राय यादवले ऐ.ऐ. बस्ने आमा पटीको हजुरआमा नाता पर्ने जयकिसुन रायको पत्नी जलेसरी देवीको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा आफनो संयुक्त नाममा नामसारी गर्न द.नं.५६३८ मिति २०८३/०१/२८ गतेमा निवेदन दर्ता गराएकोमा उक्त निवेदनको कारबाहीको कममा माथि उल्लेखित जग्गाको मोठ भिडान हुँदा मोठ श्रेस्तामा ज.ध.को नाम जलेसरी देवी, वतन समनपुर वार्ड नं.६, बाबु सतहु राउत, पति जय किसुन राय, ना.प्र.नं.१७७ जारी मिति २०४३/०३/६ मात्र उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. प्रेमपुरा गोनाही वडा नं.५ कि.नं.८८२क्षे. ०-४-०मात्र उल्लेख रही रोक्का देखिदैन भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ ।

गढीमाई न.पा.वडा नं.१ को च.नं.१५६५ मिति २०८३-१-२४ गतेको पत्रबाट ज.ध जलेसरी देवीको आफनो कालगतिले २०७७/०८/३० मा र निजको श्रीमान् जयकिसुन रायको २०३० सालमा मृत्यु भई निजहरुको जायजन्मबाट कुनै छोराको जन्म नभई एकमात्र छोरी राजवती रही निजको पनि आफनो कालगतिले मिति २०७६।१२।२९ मा मृत्यु भई निजको शेषपछि हक खाने निजको चार जना छोराहरु राम ध्यान राय यादव, रामज्ञान राय यादव, रामकल्याण राय यादव र नरेश राय यादव को संयुक्त नाममा माथि उल्लेखित जग्गा नामसारी गरि दिन सिफारिस भई आएको हुँदा उक्त जग्गा माग गर्नेहरुको सो जग्गामा निज निवेदकहरुको हक पुग्छ कि पुग्दैन? कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदकहरु र मृत्कविच के नाता सम्बन्ध रहेको छ ? ज.ध.को के-कति छोरा-छोरी छन्? सो जग्गा कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए यस कार्यालयवाट प्रकाशित सूचनाको ३५ दिनभित्र बांटी को म्यादबाहेक स- प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यचा कानुन बमोजिम भई जानेछ ।

तपसिल

| गा.पा./न.पा. | बडा न. | कि.न. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| प्रेमपुरगोनाही | ५ | ८८२ | ०-४-० | जलेसरी देवी |

## वोलपत्र आह्वान सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिती २०८३/०६/०१)

***काँपी र वल पेन आपुर्तिका लागि २०८३।०५।२५ गतेमा प्रकाशन गरिएको वोलपत्र सम्बन्धी सूचना रद्द गर्दै दोश्रो पटक पुनः प्रकाशित सूचना ।***

प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सामुदायिक परिवार कल्याण संघ (CFWA) द्वारा संचालित सशक्त बालिका परियोजना (GSS) र बाल प्रत्याभुत व्यवस्थापन (Child Sponsorship Management) परियोजनाको लागि आवश्यक कापी र बल पेन खरिद गर्नु पर्ने भएकोले उल्लेखित कार्य सम्पादन गर्न इच्छुक व्यक्ति तथा फर्महरुबाट सिल बन्दी वोल पत्र आह्वानको सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विवरण | आवश्यक संख्या | विशिष्टता | कैफियत |
|---|---|---|---|---|
| १. | काँपी | ३९,६१५ पीस | ● काँपी को कभर २५० ग्रामको आर्टबोर्ड म्याफिलितो पेपर र कभरको माथि र तल्लो पेजमा दुवै साइड म्यासेज लेखिएको फोर कलरमा ।<br>● काँपीको भित्रि पाना ६० ग्रामको, पेज १२० (६० पाना) र साईज ९"/७" इन्चको । | |
| २. | बल पेन | ३९,६१५ पीस | कालो मसी भएको र ०.६ mm को प्लास्टिक वडी भएको | |

**शर्तहरू**

१. सिलबन्दी दरभाउ पत्र पेश गर्ने व्यक्ति तथा फर्महरुबाट सूचना प्रकाशन भएको मतिले २१ (एक्काइस) दिन भित्र यस संस्थाको कार्यालयमा मिति २०८३ असोज २१ गते कार्यालय समय ५:०० बजे भित्र वोल पत्र पेश गर्नु पर्ने छ ।
२. वोल पत्र पेश गर्दा व्यक्ति तथा फर्म दर्ताको-प्रमाणपत्र, कर चुक्ता प्रमाण-पत्र (आ.व.०८१/८२), भ्याट दर्ताको प्रमाण पत्र को प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । वोल पत्र पेश गर्नेको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनु पर्ने छ ।
३. दररेट स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट गरेको वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
४. वोल पत्र खाम बन्द गरी लाहा छापले शिल बन्द गरि पेश गर्नु पर्नेछ ।
५. आपुर्ति कर्ताले वोल पत्र संगै आपुर्ति गर्ने सामान (काँपी र कलम) को एक एक थान नमुना स्वरुप (Sample) पनि खाम वन्द गरी पेश गर्नु पर्ने छ ।
६. दरभाउ राख्न छुटाएका, म्याद नाघी आएका, सर्त रहित र माग गरे बमोजिमका कागजातहरु संलग्न नभएका वोल पत्र माथि कुनै कारवाही गरिने छैन ।
७. माग गरिएको सामग्रीहरु आपुर्तिकालागि वोलपत्र फारम (Tender Document) संस्थावाट उपलव्ध गराइने छ वा cfwaprocurement@gmail.com मा मेल गरी लिन सकिने छ ।
८. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित सम्पर्क नम्बरमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।
९. आपुर्तिकर्ताबाट प्राप्त वोल पत्र मिति २०८३ असोज २२ गते दिनको १:०० बजे यस संस्थाको कार्यालय जनकपुरधाम धनुषामा खोलिनेछ ।
१०. दर भाउ पत्रहरु कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा पुरै रद्ध गर्ने सर्वअधिकार सामुदायिक परिवार कल्याण संघको खरिद समितिमा निहित रहनेछ ।
११. प्रस्तावित कुल बजेटको २.५ प्रतिशत रकम बैंक दाखिला भाउचर अथवा उक्त रकम बराबरको बैंक ग्यारेन्टी उपलब्ध गराउनु पर्नेछ ।
१२. वोल पत्र संग Self Declaration स्वघोषणा फर्म पनि सही छाप गरी पेश गर्नु पर्नेछ । उक्त फर्म यस संस्थाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

**दरभाउपत्र पेश गर्ने ठेगाना:**

**सामुदायिक परिवार कल्याण संघ,**

**जनकपुरधाम -१२ शारदानगर(रारा‌ब क्याम्पस देखि पूर्व), धनुषा, मधेश प्रदेश नेपाल**

**फोन नं. ०४१-४२५१०३**

# हल्ला निराधार रहेको अर्थमन्त्री भट्टराईको भनाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । अर्थमन्त्री युवराज भट्टराईले मधेश प्रदेश सरकार संकटमा परेको भन्ने हल्ला निराधार रहेको दाबी गरेका छन् ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकार गठन गर्नु अघि गरेको १५ बुँदे सहमति कार्यान्वयनमा बेवास्ता गरेकोलगायतका विभिन्न आरोप लगाउँदै सरकारबाट बाहिरिने खबर हल्ला मात्रै रहेको अर्थमन्त्री भट्टराईले बताएका छन् ।

उनले मुख्यमन्त्री कृष्णप्रसाद यादवसंग सरकारमा सहभागी हुनु अघि भएको १५ बुँदे सहमति कार्यान्वयन र मन्त्रालय घटाउने कार्य प्रक्रियामै रहेकाले तत्काल नेपाली कम्युनिष्ट पार्टी(नेकपा) मधेश प्रदेश सरकारबाट नहट्ने प्रस्ट्याए ।

तर मधेश प्रदेश सरकारमा सत्ता साझेदार दल नेकपा एमालेले सरकारप्रतिको समर्थन फिर्ता लिने चेतावनी दिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनताको भावना अनुरूप काम गर्न नसकेको भन्दै एमाले असन्तुष्टी व्यक्त गरेको छ ।

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले सरकारले आफ्नो रवैया नसच्याए एमालेले समर्थन फिर्ता लिने चेतावनी दिएका छन् । पूर्वमुख्यमन्त्री समेत रहेका यादवले वर्तमान सरकार गठन पूर्व गरिएको सम्झौता, सहमति कार्यान्वयन गर्न मुख्यमन्त्री उदासीनता देखाएको आरोप लगाए ।

मुख्यमन्त्रीमार्फत मन्त्रालय घटाउन असहयोग गरेको र प्रशासनिक अनियमितता बढाएको समेत उनले बताए ।

सरकारमा जानुपूर्व एमालेसँग भएको सम्झौतामा सरकार सञ्चालनका लागि सत्ताधारी दलहरूबिच आपसी समन्वय र उच्च समझदारी हुनुपर्ने, प्रदेशका अधुरा तथा अपुरा आयोजनाहरूलाई पूर्णता दिन प्राथमिकता दिने तथा परियोजना, योजनाहरूलाई मात्र आगामी बजेटमा समावेश गर्ने लगायतका विषय समेटिएका थिए ।

कर्मचारीको सरुवाबढुवा तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनुपर्ने, प्रदेश सरकारका काम-कारबाहीमार्फत नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभूति गराउने कार्ययोजना अघि सार्ने, वर्तमान राजनीतिक समीकरणलाई आगामी चुनावसम्मै दिगो र मजबुत बनाएर लैजाने लगायतका सहमति भएको उनको भनाइ छ ।

## औरही नगरपालिकाका मेयरमाथि हातपात प्रयास

# कर्मचारी तथा जनप्रतिनिधिको सुरक्षाको प्रत्याभूति नहुञ्जेल सेवा सञ्चालन नगर्ने घोषणा

**औरही नगरपालिकाले स्वास्थ्य, विपद् तथा अन्य अत्यावश्यक प्रकृतिका सेवाहरु भने आवश्यकता अनुसार सञ्चालनमा राख्ने जनाएको छ । नियमित प्रशासनिक तथा अन्य गैरअत्यावश्यक सेवाहरु भने सुरक्षा अवस्थाको पुनरावलोकनपछि मात्र सञ्चालन गर्ने तयारी गरिएको छ ।**

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको औरही नगरपालिकाका नगर प्रमुख प्रदीपकुमार खड् कामाथि कार्यालय परिसरमै हातपातको प्रयास भएको छ । बुधबार केही व्यक्तिहरू औरही नगरपालिकाको कार्यालय परिसरमा प्रवेश गरी हुलहुज्जत गर्दै आफूमाथि हातपातको प्रयास गरेको नगर प्रमुख खड्काले बताएका छन् ।

नगरप्रमुख खड्काले जनाए अनुसार घटनाको क्रममा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीमाथि समेत अभद्र व्यवहार र हातपात भएको थियो । कार्यालय परिसरमा भएको घटनाका कारण जनप्रतिनिधि तथा कर्मचारीहरू असुरक्षित महसुस गर्नुपर्ने अवस्था सिर्जना भएको उनको भनाइ छ ।

घटनापछि पत्रकार सम्मेलन गर्दै नगर प्रमुख खड्काले कार्यालय परिसरमा हुलहुज्जत गर्ने, तोडफोड गर्ने, हातपात गर्ने तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने कार्य कुनै पनि अवस्थामा स्वीकार्य नहुने बताए ।

उनले घटनामा संलग्न व्यक्तिहरूको निष्पक्ष पहिचान गरी घटनाको गम्भीर अनुसन्धान गर्न सम्बन्धित सुरक्षा तथा प्रशासनिक निकायसँग माग गरेका छन् । घटनामा दोषी देखिएका व्यक्तिमाथि प्रचलित कानुनअनुसार कारबाही गर्नुपर्ने उनको माग छ ।

त्यसैगरी, तोडफोडबाट सार्वजनिक सम्पत्तिमा भएको क्षतिको यकिन गरी सम्बन्धित पक्षबाट क्षतिपूर्ति तथा भर्पाइ गराउनुपर्ने नगर प्रमुख खड्काले बताएका छन् ।

नगर प्रमुख खड्कामाथि भएको हुलहुज्जत तथा हातपात प्रयासको घटनापछि औरही नगरपालिकाले अत्यावश्यक सेवाबाहेक कार्यालयबाट प्रवाह हुने अन्य सम्पूर्ण सेवा अनिश्चितकालसम्मका लागि बन्द गरेको जनाएको छ । कर्मचारी तथा जनप्रतिनिधिको सुरक्षा सुनिश्चित नहुञ्जेलसम्म नियमित सेवा सञ्चालन गर्न सक्ने अवस्था नरहेको नगर प्रमुख खड्काको भनाइ छ ।

औरही नगरपालिकाले स्वास्थ्य, विपद् तथा अन्य अत्यावश्यक प्रकृतिका सेवाहरू भने आवश्यकता अनुसार सञ्चालनमा राख्ने जनाएको छ । नियमित प्रशासनिक तथा अन्य गैरअत्यावश्यक सेवाहरू भने सुरक्षा अवस्थाको पुनरावलोकनपछि मात्र सञ्चालन गर्ने तयारी गरिएको छ ।

नगर प्रमुख खड्काले जनप्रतिनिधि तथा कर्मचारीको पूर्ण सुरक्षाको प्रत्याभूति भएपछि मात्रै कार्यालयमा निर्भय वातावरणमा सेवा प्रवाह गर्न सकिने बताए ।

औरही नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिले सुरक्षित वातावरणमा काम गर्न पाउने अवस्था सुनिश्चित गर्नु राज्यका सम्बन्धित निकायको दायित्व भएको नगर प्रमुख खड्काले बताएका छन् ।

उनले घटनामा संलग्न व्यक्तिको पहिचान, निष्पक्ष अनुसन्धान, सार्वजनिक सम्पत्तिमा भएको क्षतिको मूल्यांकन तथा कानुनी कारबाहीसँगै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउन स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग आग्रह गरेका छन् ।

औरही नगरपालिकाको सेवा नियमित रूपमा सञ्चालन गर्न जनप्रतिनिधि र कर्मचारीको सुरक्षा पहिलो प्राथमिकता हुनुपर्ने उनको भनाइ छ । सुरक्षा अवस्था सामान्य बनेपछि मात्रै सबै सेवा पुनः सञ्चालन गरिने नगरपालिकाले जनाएको छ ।

सो घटनाका सम्बन्धमा स्थानीय प्रशासन तथा सुरक्षा निकायबाट थप अनुसन्धान र आधिकारिक विवरण सार्वजनिक हुन बाँकी नै रहेको छ ।

बडा दशैँलगायत चाडपर्वको मुखमै आएर औरही नगरपालिकामा भएको सो घटनाले सबैभन्दा बढी समस्या सेवाग्राहीले भोग्नु पर्ने छन् । अत्यावश्यक बाहेकका सम्पूर्ण कामकाज ठप्प भएपछि सेवाग्राही मर्कामा परेका छन् ।

# सिंहले गरे पदभार ग्रहण

**टुडे समाचारदाता**

वीरगञ्ज । भ्रष्टाचार सम्बन्धी मुद्दामा विशेष अदालतबाट सफाइ पाएपछि वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बुधबार पुनः पदभार ग्रहण गरेका छन्।

बुधवार बिहान करिब १० बजे निवासमा पूजाआजा गरेपछि सिंह महानगरपालिका कार्यालय पुगेर कार्यभार उनले सम्हालेका हुन् । उनी महानगर कार्यालय पुग्दा समर्थकहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यालय पुगेपछि सिंहले महानगरपालिकामा राखिएको आफ्ना गुरुको तस्बिरमा माल्यार्पण गर्दै पूजा गरेका थिए। त्यसपछि उनले औपचारिक रूपमा महानगर प्रमुखको पदभार सम्हालेका हुन् । पदभार ग्रहणका क्रममा पूर्वमन्त्री प्रदीप यादव पनि सिंहसँगै महानगरपालिका कार्यालय पुगेका थिए ।

विशेष अदालतले भ्रष्टाचारसम्बन्धी मुद्दामा सफाइ दिएपछि सिंहको पुनः पदबहाली भएको हो । पदभार ग्रहणसँगै वीरगञ्ज महानगरपालिकाको नियमित प्रशासनिक नेतृत्वमा सिंह फर्किएका छन् ।

सिंहमाथि भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएपछि उनी पदबाट निलम्बित भएका थिए। विशेष अदालतको फैसलापछि उनको निलम्बन अन्त्य भएसँगै पुनः पदभार ग्रहण गर्ने बाटो खुलेको हो ।

# फरार ८ अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरी टोलीले खोजतलास तथा आवश्यक समन्वय गरी उनीहरूलाई पक्राउ गरी अदालत पठाएको हो ।

पक्राउ परेकामध्ये ५ जना कुटपिट मुद्दाका प्रतिवादी छन् । उनीहरूलाई धनुषा जिल्ला अदालतले जनही ९२ रुपैयाँ जरिवाना तोकेको थियो । पक्राउ पर्नेमा एकजना लागुऔषध मुद्दाका आरोपित छन् । उनलाई अदालतले २ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना सजाय सुनाएको थियो । त्यसैगरी चोरी मुद्दाका दुई जना फरार प्रतिवादी पक्राउ परेका छन् । उनीहरूमध्ये एक जनालाई ३ महिना कैद र १० हजार रुपैयाँ जरिवाना तथा अर्का एक जनालाई ४ महिना कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अदालतबाट फैसला भई कैद तथा जरिवाना तोकिएका फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको जानकारी दिएका छन् ।

## बालिका अपहरण तथा बलात्कार प्रकरण

# मुख्य अभियुक्त ताहिर जेल चलान, मुद्दा मिलाउन दबाव दिने वडाध्यक्ष रिहा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनौजी गाउँपालिकाकी १६ वर्षीया बालिकालाई विवाहको प्रलोभन देखाएर दुई-दुई पटक अपहरण, बन्धक र बलात्कार गरेको आरोपमा मुख्य अभियुक्त ताहिर राइन पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

धनुषा जिल्ला अदालतले भदौ २६ गते २३ वर्षीय राइनलाई थुनामा पठाउने आदेश दिएसँगै जिल्ला प्रहरी कार्यालय धनुषाले उनलाई कारागार पठाएको हो ।

यसैबीच, घटना मिलाउन र मुद्दा फिर्ता लिनका लागि पीडित पक्षलाई २० लाख रुपैयाँको प्रलोभन दिएको अभियोग लागेका धनौजी गाउँपालिका-५ का वडाध्यक्ष याकुब कवारी भने १ लाख रुपैयाँ धरौटीमा रिहा भएका छन्। धनुषा जिल्ला अदालतको सोमबारको आदेशपछि उनी धरौटी बुझाएर छुटेका हुन् ।

बालिकामाथि पहिलोपटक २०८१ चैत २९ गते घरनजिकै पसल सञ्चालन गर्ने ताहिर राइनले विवाहको प्रलोभन देखाएर अपहरण गरेका थिए । आमा खेतमा गएको मौका पारेर जनकपुरधामका विभिन्न होटलमा पुऱ्याई आफू र अन्य व्यक्तिहरू मिलेर जबरजस्ती करणी गरेको अभियोग राइनमाथि छ । सो समयमा बालिका त्यहाँबाट भागेर ज्यान जोगाउन सफल भएकी थिइन् र केही समयपछि २०८२ जेठ ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा लिखित जाहेरी दिएकी थिइन् ।

प्रहरीमा जाहेरी परे लगतै अभियुक्त राइन वैदेशिक रोजगारीका लागि कतार पुगेका थिए । नेपाल प्रहरीको अनुरोधमा इन्टरपोलमार्फत रेड नोटिस जारी गरी उनलाई गत साउन २५ गते कतारबाट नेपाल भिकाइएको थियो । राइनको पक्राउसँगै बालिकाको पूरक बयान र अनुसन्धानका आधारमा घटना सामसूम पार्न खोज्ने वडाध्यक्ष कवारीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो।

अदालतमा दर्ता भएको अभियोगपत्र अनुसार जाहेरी दिएपछि पनि बालिका सुरक्षित रहन सकिनन् । पहिलो जाहेरीको डेढ महिनापछि २०८२ असार १७ गते बिहान करिब ४ बजे घरको दैलोमा बाख्रा बाँध्न निस्किएका बेला उनलाई अञ्जली महर ासहितको समूहले गाडीमा आएर आँखामा कपडा बाँधी पुनः अपहरण गरेको थियो ।

दोस्रो पटकको अपहरणपछि बालिकालाई जनकपुरको पिडारीचोकस्थित होटल सीएफसीमा दुई दिन र त्यसपछि मुरलीचोकस्थित मधेश प्रदेश गेस्ट हाउसमा १७ दिन गरी कुल १९ दिनसम्म बन्धक बनाइएको मिसिलमा उल्लेख छ। सो क्रममा गेस्ट हाउसका सञ्चालकसहितका व्यक्तिहरूले अन्य पुरुषहरूबाट रकम असुल गर्दै बालिकामाथि पटक-पटक जबरजस्ती करणी गराएको गम्भीर आरोप छ ।

जाहेरी अनुसार अञ्जली महरासहित तीन जना व्यक्तिले गाडीमा आएर उनको आँखामा कपडा बाँधी अपहरण गरेका थिए। अपहरण गरी उनलाई जनकपुर ल्याएर पिडारीचोकस्थित होटल सीएफसीमा दुई दिन राखिएको र त्यसपछि मुरलीचोकस्थित मधेश प्रदेश गेस्ट हाउसमा १७ दिनसम्म बन्धक बनाइएको मिसिलमा भनिएको छ ।

मधेश प्रदेश होटलमा बालिकामाथि जबरजस्ती करणी भएको र होटल सञ्चालकसहितका प्रतिवादीले अन्य व्यक्तिबाट समेत रकम लिएर उनलाई जबरजस्ती करणी गर्न लगाएको अभियोग मिसिलमा उल्लेख छ ।

हाल धनुषा जिल्ला अदालतमा यस घटनासँग सम्बन्धित दुईवटा छुट्टाछुट्टै मुद्दा दर्ता भएका छन्। पहिलो अपहरणको विषयलाई लिएर 'मानव बेचबिखन, अपहरण तथा शरीर बन्धक' र दोस्रो अपहरणको विषयमा 'जबरजस्ती करणी' शीर्षकमा मुद्दा चलाइएको छ ।

यस प्रकरणमा दुई जना प्रहरी कर्मचारीसहित करिब एक दर्जन व्यक्तिहरू अभियुक्तका रूपमा नाम जोडिएका छन्। अधिकांश अभियुक्तहरू अझै फरार रहेका र सुरक्षाको उच्च जोखिम रहेका कारण पीडित बालिका लामो समयदेखि सेफ हाउसकै संरक्षणमा बस्न बाध्य छिन् ।

# हुलाकी सडकमा बनाइएका संरचना हटाउन ३५ दिने अल्टिमेटम

**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी सडकको क्षेत्राधिकारभित्र अतिक्रमण गरी बनाइएका स्थायी तथा अस्थायी संरचना हटाउन हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामले ३५ दिने अल्टिमेटम दिएका छन् ।

सडक विभाग अन्तर्गतको हुलाकी राजमार्ग निर्देशनालयले सडक सीमाभित्र रहेका घर, टहरा, भौतिक संरचना तथा सडक आवागमन र निर्माण कार्यमा अवरोध पुऱ्याउने मालवस्तु तथा निर्माण सामग्री हटाउन सम्बन्धित व्यक्ति तथा सरोकारवालालाई आग्रहसहितको सूचना जारी गरेको हो ।

निर्देशनालयले बलान-कमला सडक, सिरहा, जनकपुर-यदुकुहा सडक धनुषा, जनकपुर-कपटोल-तीनकौरिया-कमला सडक धनुषा, जनकपुर-बसबिट्टी-भ्रमरपुरा-बलवा-सरपल्लो-नौली-मोहरभिठ्ठा सडक धनुषामहोत्तरी, सितलपुर-मलंगवा-खैराटोल सडक सर्लाही तथा बागमती-संग्रामपुर सडक लगायतका सडकको क्षेत्राधिकारभित्र रहेका संरचना तथा सामग्री हटाउन सूचनामा भनेको छ ।

सडक क्षेत्रभित्र स्थायी तथा अस्थायी संरचना निर्माण गरिँदा सडक दुर्घटनाको जोखिम बढ्नुका साथै सडक संरक्षण तथा निर्माण कार्यमा समेत बाधा पुग्ने अवस्था देखिएको निर्देशनालयले जनाएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित सडक सीमाभित्र रहेका त्यस्ता संरचना तथा सामग्री आफैं हटाउन निर्देशनालयले भनेको छ ।

तोकिएको समयभित्र संरचना तथा सामग्री नहटाए सार्वजनिक सडक ऐन, २०३१ बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाइने चेतावनीसमेत निर्देशनालयले दिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८